# परिच्छेद - एक
# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **छनोट र स्तरणका आधारमा 'सबैको नेपाली' पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययन** रहेको छ ।

## १.२. शोधको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय तानसेन बहुमुखी क्याम्पस पाल्पा, शिक्षा शास्त्र सङ्काय नेपाली भाषा शिक्षा शिक्षण विभाग अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह एम.एड्. द्वितीय वर्षको पाठ्यांश नेपा.शि. ५९८ को प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ शोध समस्या

मूलतः भाषा विचार विनिमयको सशक्त माध्यम हो । भाषालाई ज्ञानआर्जनको माध्यमको रूपमा पनि लिइन्छ । विद्यार्थीको चेतना स्तरको विकास र क्षमता अभिवृद्धिका लागि भाषाले महत्वपूर्ण भूमिका ओगोटेको हुन्छ । भाषिक क्षमता अभिवृद्धिका लागि बहुविधाका माध्यमबाट विद्यार्थीहरूको स्तर अनुसारको शिक्षा पनि दिइएको पाइन्छ । भाषा पाठ्यपुस्तकलाई उपयोगी र सवल बनाउन कथाले अतुलनीय भूमिका निभाएको हुन्छ । कथा विधाले विद्यार्थीको सिर्जनात्मक सीपको विकासमा अहम् भूमिका खेलेको हुन्छ । कथा विनाको भाषा पाठ्यपुस्तक किमार्थ पूर्ण हुन सक्तैन । यस अध्ययनको लक्ष्य **छनोट र स्तरणका आधारमा सबैको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययन** रहेकोले यस अध्ययनसँग सम्बन्धित समस्यालाई निम्न बुँदामा प्रस्तुत गरिएको छ ।

१. छनोट र स्तरणको सैद्धान्तिक पक्ष के-कस्तो छ ?

२. छनोट र स्तरणका आधारमो **सबैको नेपाली** पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको अध्ययन कसरी गर्न सकिन्छ ?

## १.४ शोध उद्देश्य

प्रस्तुत शोध समस्याका बुँदाहरूमा केन्द्रित हुँदै **सबैको नेपाली** पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा देखिएका समस्याहरूको निदान र निराकरण हेतु शोध उद्देश्यलाई निम्न बुँदाहरूमा केन्द्रित भई पूर्णता दिने कार्य गरिएको छ ।

१. छनोट र स्तरणको सैद्धान्तिक पक्षमाथि चर्चा गर्नु;

२. छनोट र स्तरणको आधारमा **सबैको नेपाली** पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको विश्लेषण गर्नु;

**१.५ पूर्वकार्यको समीक्षा**

माध्यमिक एवम् उच्च माध्यमिक तहमा विभिन्न नेपाली विषयका पाठ्यपुस्तकमा समाविष्ट कथाहरू, विभिन्न पत्रपत्रिकामा प्रकाशित लोककथा, लघुकथा, बालकथा आदिको पनि विश्लेषणात्मक अध्ययनसँग सम्बन्धित अध्ययनलाई पूर्वकार्यको समीक्षाको रूपमा प्रस्तुत गरिएको छ ।

सम्बन्धित भाषाका असीमित ज्ञानमूलक र सीपमूलक स्रोतहरूबाट सीमित तर प्रभावकारी पाठ्यवली टिपेर वा खोजेर युक्तिसङ्गत ढङ्गले उद्देश्य अनुरूप उपलब्धीहरू निश्चित समयमा उच्चतम् विन्दुमा लक्षित समूहमा हासिल गराउने उद्देश्य पाठ्यवलीको छनोटभित्र अर्न्तनिहित रहन्छ । (शर्मा र पौड्याल, २०६० : २७९)

विद्यार्थीको उमेर, उनीहरूको भाषिक पृष्ठभूमि र विषयवस्तुको सरल र जटिल अवस्थाबीचको सामञ्यस्य सम्बन्ध वा अनुकूलनलाई स्तरण भनिन्छ । ( ढकाल, २०६२ : ५२)

पाठ्यक्रम निर्माणका क्रममा पाठ्यवस्तुको सीमाङ्कन गरिसकेपछि तिनलाई शिक्षणयोग्य बनाउनकै निम्ति स्तरण गरिन्छ । (पौड्याल २०६४ : ४०)

वेदप्रसाद अर्यालले **कक्षा पाँचको मेरो नेपाली किताबमा प्रयुक्त कथाहरूको विश्लेषणात्मक अध्ययन** (**२०५४**) शीर्षकको शोधपत्रमा कक्षा पाँचको पाठ्यक्रम अनुरूप छ वा छैन ? उक्त पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूको विभिन्न आधारहरूमा विश्लेषण, अभ्यासको प्रकृति र तिनको मूल पाठसङ्ग तालमेल, अध्ययन तथा कक्षा पाँचका लागि कस्ता कथाहरू समावेश गर्नु उपयुक्त हुन्छ ? जस्ता उद्देश्यमा केन्द्रित हुँदै आवश्यक सुझाव समेत दिएका छन् ।

गोविन्दराज अधिकारीले **कक्षा छ को हाम्रो नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथाका पाठहरूको विश्लेषणात्मक अध्ययन** (**२०५५**) शीर्षकको शोधपत्रमा कक्षा छ को हाम्रो नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरू उद्देश्य अनुरूप छन्, छैनन् ? पाठ्यक्रमको उपयुक्तता कस्तो छ ? कथाहरू शिक्षणीय दृष्टिले कति सबल छन् ?

अभ्यासको उपयुक्तता एवम् पाठ्यपुस्तकमा भएका कमी कमजोरीहरू पत्ता लगाई आवश्यक सुझाव समेत दिने प्रयत्न गरेका छन् ।

तोयानाथ रेग्मीले **माध्यमिक तहको वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा राखिएका कथाका पाठहरूको विश्लेषणात्मक अध्ययन** (२०५८) शीर्षकको शोधपत्रमा समाविष्ट कथाहरू समयभारको दृष्टिले उपयुक्त नभएको, छनोट र स्तरणमा ध्यान नदिएको, संरचनात्मक दृष्टिकोणले उपयुक्त नभएको पक्षमाथि चर्चा गरेका छन् ।

विजयप्रसाद दाहालले **कक्षा नौ को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथा विधाको विश्लेषणात्मक अध्ययन** (२०६०) शीर्षकको शोधपत्रमा छनोट र स्तरणका दृष्टिले कक्षा नौ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरू सबल नरहेको, कथाको चरमोत्कर्षलाई भन्दा निष्कर्षलाई बढी महत्व दिइएको, भाषिक सीपका दृष्टिले कथाहरू अपूर्ण देखिएको जस्ता पक्षमाथि चर्चा गरेका छन् ।

इलोमा भट्टराई **नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको विश्लेषणात्मक अध्ययन** (२०६१) शीर्षकको शोधपत्रमा कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरू संरचना र भाषिक सीपका दृष्टिले सशक्त नै भए पनि छनोट र स्तरणका दृष्टिले उपयुक्त भन्न नसकिने पक्षमाथि चर्चा गरेकी छिन् ।

महेन्द्रकुमार चपागाइँले **कक्षा चारको मेरो नेपाली किताबमा समाविष्ट कथाका पाठहरूको विश्लेषणात्मक अध्ययन** (२०६२) शीर्षकको शोधपत्रमा कक्षा चारको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरू उद्देश्य अनुरूप छन् वा छैनन् ? उक्त पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूको विभिन्न आधारमा विश्लेषण, अभ्यासको प्रकृति र तिनको मूल पाठसङ्ग तालमेलको अध्ययन तथा कक्षा चारमा कस्ता कथाहरू समावेश गर्न उपयुक्त हुन्छ ? जस्ता प्रश्नहरू उठाएर आवश्यक सुझाव समेत दिएका हुन् ।

कृष्णप्रसाद शर्माले **कक्षा नौ र दशको पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययन** (२०६७) शीर्षकको शोधपत्रमा कक्षा नौ र दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरू छनोट र स्तरणका दृष्टिले त्यति सबल नरहेका , कथानक परिवेश, विद्यार्थीको स्तरका दृष्टिले पनि कमजोर रहेका तर सरलता, मनोरञ्जनात्मकता, कौतुहलता र उद्देश्यमूलकताका दृष्टिले सबल नै रहेको पक्षमाथि चर्चा गरेका छन् ।

यसरी विभिन्न शीर्षकमा कथा विधाको अध्ययन भएको पाइए पनि कक्षा एघारको सबैको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको छनोट र स्तरणका दृष्टिले साङ्गोपाङ्ग अध्ययन भएको पाइदैन । अतः छनोट र स्तरणका दृष्टिले उक्त कथाहरूको अध्ययन, विश्लेषणमा सीमित रही अन्य शोधकार्यभन्दा पृथक विशेषताका रूपमा विश्लेषण यो शोध कार्यमा गरिएको छ ।

### १.६ शोधको महत्त्व र औचित्य

मूलतः भाषा परिष्कार एवम् परिमार्जनका लागि भाषा शिक्षणको आवश्यकता पर्दछ । कथा यस्तो विधा हो, जसले भाषा शिक्षणलाई पूर्णता दिने कार्य गर्दछ । कथा विधा विना भाषा शिक्षण किमार्थ सार्थक हुन सक्दैन । शब्द, वाक्य, उखान, टुक्का, व्याकरण र सिर्जनात्मक अभ्यास विना विद्यार्थीहरूले जीवनोपयोगी भाषिक ज्ञान हासिल गर्न सक्दैनन् । भाषा पाठ्यपुस्तकमा कथा विधालाई समाविष्ट गरी विद्यार्थीहरूमा भाषिक अभिवृद्धि गर्नुका साथै सिर्जनात्मक सीपको विकास गर्न सकिन्छ । कक्षा शिक्षणले विद्यार्थी, शिक्षक दुबैलाई भाषिक ज्ञानआर्जनमा उच्चतम् भूमिका निर्वाह गर्दछ ।

छनोट र स्तरणका आधारमा **सबैको नेपाली** पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययनले भाषा शिक्षणमा कथा विधाको केन्द्रीयतालाई महत्त्वपूर्ण ठानेर छनोट र स्तरणमा प्रभाव पार्दछ । पाठ्यक्रम निर्माताको ध्यान सम्बन्धित विषयमा पुगोस् भन्ने लक्ष्य समेत यस अध्ययनले राखेको छ । पाठ्यपुस्तकमा के-कस्ता कथाहरू समावेश हुनुपर्ने हो ? सो कुराको निक्र्यौल एवम् छनोट र स्तरणको संयोजन गर्ने आधारहरू निर्धारण गरेर पाठ्यक्रम पाठ्यपुस्तक निर्माणमा कथाको उपयुक्तताका साथै पर्याप्तताको पहिचान गराउने उद्देश्य अनुरूप शिक्षण क्रियाकलापमा सुधार ल्याउन समेत यो अध्ययन उपयोगी देखिन्छ ।

मूलतः कक्षा एघारको **सबैको नेपाली** पाठ्यपुस्तकमा समाविष्ट कथाहरू छनोट र स्तरणका दृष्टिले उपयुक्त भए नभएको विश्लेषण गर्नु यसको उद्देश्य रहेको हुँदा पाठ्यक्रम निर्माता, प्रशिक्षण, समालोचक आदि व्यक्तिहरूको लागि यो अध्ययन उपयोगी हुने अनुमान गर्न सकिन्छ । त्यसैले समसामयिक पाठ्यक्रम निर्माणमा सहयोग गर्नु छनोट र स्तरणको सिद्धान्त अनुरूप कथा भए नभएको निक्र्यौल गर्नु पाठ्यक्रम निर्माता प्रशिक्षक एवम् समालोचकहरूको लागि समेत यो अध्ययन सहयोगी सामग्रीको रूपमा रहने अनुमान गर्न सकिन्छ ।

## १.७ अध्ययनको क्षेत्र र सीमा

कुनै पनि विषय एवम् शीर्षकको सर्वपक्षीय अध्ययन गरी निष्कर्ष निकाल्नु जटील कुरा हो । त्यसैले निश्चित कुनै पक्षमा आधारित भई अनुसन्धान गरेर निष्कर्षमा पुग्न उचित मानिन्छ । प्रस्तुत अध्ययन छनोट र स्तरणका आधारमा वर्तमान उच्च माध्यमिक तह कक्षा एघारको अनिवार्य नेपाली विषयमा समाविष्ट कथाहरूको अध्ययनमा केन्द्रित छ र ती कथाहरूको पनि सम्पूर्ण पक्षको अध्ययन नगरी छनोट र स्तरणका आधारमा कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकमा विद्यमान कथाहरूको अध्ययन गर्नु यसको सीमा रहेको छ । यस अध्ययनका सीमाहरूलाई बुँदागत रूपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

१. यस अध्ययनले **सबैको नेपाली** पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको मात्र अध्ययन गरेको छ ।

२. कथा विधाको अध्ययन अन्य पक्षमा केन्द्रित नरही छनोट र स्तरणमा मात्र केन्द्रित रहेको छ ।

## १.८ शोध विधि

प्रस्तुत अध्ययन **छनोट र स्तरणका आधारमा सबैको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा** विधामा केन्द्रित छ । त्यसैले यस अध्ययनमा पाठ्यक्रममा भएका उद्देश्यहरूलाई महत्व दिएर निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । प्रस्तुत शोधपत्रमा शोध विषयसङ्ग सम्बन्धित आवश्यक सामग्रीहरू द्वितीय स्रोतबाट सङ्कलन गरिएको छ । सामग्री सङ्कलनका निम्ति कथाको सैद्धान्तिक अध्ययनको पनि प्रयोग गरिएको छ । यसका अतिरिक्त आवश्यक तथ्यहरूको जानकारी लिनका लागि पुस्तकालयीय विधिको समेत प्रयोग गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार विभाजन गरी आवश्यकता अनुसार विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा प्रस्तुत गरिएको छ :

परिच्छेद एक : शोध परिचय

परिच्छेद दुई : छनोट र स्तरणका सैद्धान्तिक पक्षहरू

परिच्छेद तीन : छनोटका आधारमा **सबैको नेपाली** पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययन

परिच्छेद चार : स्तरणका आधारमा **सबैको नेपाली** पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययन

परिच्छेद पाँच : उपसंहार

शोधपत्रको अन्त्यमा सन्दर्भ ग्रन्थ सूची प्रस्तुत गरिएको छ ।

## परिच्छेद दुई
## छनोट र स्तरणको सैद्धान्तिक परिचय

### २.१ छनोटको परिचय

'छान्' धातुमा 'ओट' प्रत्यय लागेर बनेको छनोट शब्दको अर्थ छान्ने, रोज्ने वा चयन गर्ने भन्ने बुझिन्छ । धेरै विकल्पहरूमध्येबाट उपयुक्त वस्तु छान्नुलाई नै छान्ने काम भनिन्छ । भाषा पाठ्यक्रम निर्माणका सम्बन्धमा भाषा पाठ्यक्रम निर्माणका सम्बन्धमा वा भाषा शिक्षणका सम्बन्धमा भाषा पाठ्यवस्तुको छनोट भन्नाले भाषा पाठ्यक्रमका निर्धारित उद्देश्यहरू पूरा गर्नका लागि वा भाषा शिक्षणका उद्देश्यहरूलाई साकार बनाउनका लागि तय गरिने विभिन्न विषयवस्तु वा पढाइने विषयवस्तुहरूलाई बुझ्नु पर्दछ । के-कस्ता र कुन आकार प्रकारका भाषिक विषयवस्तुहरू छनोट गरेमा विद्यार्थीको सिकाइ स्तर अनुकुल हुन सक्छ ? निर्दिष्ट उद्देश्य र आवश्यकता पूरा गर्न उपयोगी हुन सक्छ ? भन्ने कुराको विवेकयुक्त सोंचाइ र दृष्टिकोण नै पाठ्यवस्तु छनोटको मूल अभिप्राय हो । ( ढुङ्गाना, २०६५:१८७)

यसरी पाठ्यवस्तुको चयन गर्दा विद्यार्थीको उमेर, तह, भाषिक पृष्ठभूमि, सिकाइ प्रवृत्ति, क्षमता, रूचिपूर्णता, निर्धारित उद्देश्य, प्राप्त समय आदि जस्ता शैक्षिक तथा मनोवैज्ञानिक पक्षहरूलाई समेत ख्याल गरेर सोही अनुसार सुहाउँदा र बुझिंदा उपयुक्त प्रभावकारी अभ्यासमूलक भाषिक सामग्रीहरू रोज्नु, निर्धारण गर्नु वा चयन गर्नुलाई भाषा पाठ्यक्रम निर्माण क्षेत्रमा 'छनोट' नामले बुझ्न सकिन्छ । यस्ता विभिन्न शैक्षिक एवम् मनोवैज्ञानिक पक्षहरूलाई लत्याएर भाषा पाठ्यक्रमभित्र होचुवाका पाराले विभिन्न पाठ्यवस्तुको छनोट गरियो भने पाठ्यक्रमको उद्देश्य तथा भाषा शिक्षणको उद्देश्य पूरा हुन सक्दैन । भाषाका चारवटै भाषिक सीपलाई समेट्न सक्ने विषयवस्तुलाई प्राथमिकता दिंदै पाठ्यवस्तुको छनोट हुन आवश्यक देखिन्छ । यसरी छनोट गरिएका विषयवस्तुका लागि उपयुक्त शिक्षण प्रक्रियाबाट विद्यार्थी समक्ष पुऱ्याइ उनीहरूका भाषिक क्षमताको विस्तार गर्न सकिन्छ ।

सामान्य त 'छनोट' भन्नाले आफूलाई आवश्यक पर्ने चिज रोज्नु, कुनै वस्तु छान्नु, विषय छान्नु भन्ने बुझिन्छ तर यहाँ पाठ्यवस्तुसँग सम्बन्धित रहेका विभिन्न

विधाहरूमध्ये पनि कथाहरू रहेका हुँदा त्यसै आधारमा रहेर छनोटको परिचय दिनु सान्दर्भिक देखिन्छ । विशेषतः कक्षागत विषयगत रूपमा पाठ्यक्रममा तोकिएका उद्देश्यहरू पूरा गर्नका लागि कथाहरू छान्ने कार्यलाई नै कथावस्तु छनोट भनिएको हो । सबै कथाहरू सबै कक्षा, तह र उमेरका विद्यार्थीका लागि उपयुक्त हुँदैनन् । त्यसकारण छनोट गर्दा पनि बालबालिकाको स्तर, उमेर, इच्छा, वातावरण आदिलाई आधार मान्नु पर्दछ ।

उद्देश्य साकार बनाउनका लागि तय गरिने विभिन्न प्रकारका भाषिक विषयवस्तु छनोट गरिएका विद्यार्थीको सिकाइ स्तर अनुकुल हुन सक्छ । निर्दिष्ट उद्देश्य र आवश्यकता पूरा गर्नका लागि उपयोगी हुन सक्छ भन्ने कुराको विवेकयुक्त सोचाइ र दृष्टिकोण नै पाठ्यवस्तु (कथा) छनोटको मूल अभिप्राय हो ( शर्मा र पौडेल, २०६० : १८७) ।

सामान्यतः कथाको छनोट भन्नाले पाठ्यक्रममा उद्देश्य पूरा गर्नका लागि धेरै कथाहरूको बीचबाट उपयुक्त र सान्दर्भिक कथाहरू छान्ने भन्ने बुझिन्छ । विधागत उद्देश्य विद्यार्थीको इच्छा, वातावरण आदि अनुसार कथाहरू छान्नुलाई कथाको छनोट भनिन्छ । तर यो शोधकार्य कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको छनोटसँग सम्बन्धित रहेको हुँदा यसको परिभाषा यसरी गर्न सकिन्छः

"कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकको पाठ्यक्रमका उद्देश्य पूरा गर्नका लागि छानिएका पाठ्यवस्तु भित्रका कथाहरूलाई नै कथाहरूको छनोट भनिन्छ ।"

**२.२ छनोटको आवश्यकता/महत्त्व**

कुनै पनि तह, कक्षा र विषयका पाठ्यक्रमका आ-आफ्नै उद्देश्यहरू हुन्छन् । ती उद्देश्य पूरा गर्नका लागि विभिन्न विधाहरू छनोट गर्नुपर्ने हुन्छ । विधाहरू अन्तर्गत यहाँ कथाहरू छनोट नगरी पठन कार्य गरियो भने उद्देश्यलाई पछ्याउन सकिंदैन । त्यसै गरी कक्षा एघारको अनिवार्य नेपाली पाठ्यक्रमको उद्देश्य पूरा गर्नका लागि पनि पाठ्यवस्तुमा रहेका पाठ्यवस्तुको छनोट गर्नु आवश्यक देखिन्छ । कक्षा एघारमा गरिने भाषा शिक्षणबाट विद्यार्थीलाई के-कस्ता ज्ञान, सीप हासिल गराउने हो ? सो अनुसार पाठ्यक्रम छनोट गर्नु पर्दछ । यदि पाठ्यक्रमले तोकेको उद्देश्यलाई समेट्ने गरी विभिन्न विधाको छनोट गरिएन भने अपेक्षित उद्देश्य पूरा

गर्न सकिँदैन । कक्षा एघारले कक्षा नौ र दश र कक्षा बाह्रको भाषिक सीपलाई जोड्ने एउटा सेतुको रूपमा काम गर्छ । त्यसकारण कक्षा नौ र दशमा सिकेका कुरालाई व्यवहारिक र स्थायित्व प्रदान गर्नुका साथै कक्षा बाह्रको पाठ्यक्रमको उद्देश्य पूरा गर्नका लागि पृष्ठभूमिको काम गर्न कक्षा एघारमा उपयुक्त कथा विधाको छनोट गरिनु पर्दछ । कथा विधाको छनोटको आवश्यकता र महत्वलाई निम्न बुँदामा समेट्न सकिन्छ ।

क. पाठ्यक्रममा तोकिएका उद्देश्यहरू पूरा गर्ने गरी सान्दर्भिक कथाहरू निर्धारण गर्न,

ख. परिभाषा सिकाइ वा दोस्रो भाषा सिकाइलाई प्रभावकारी ढङ्गबाट शिक्षण गरी एक निश्चित सीप सिकाउनका लागि ।

ग. सीमित समय, श्रम र साधनको प्रयोगबाट अधिकतम् भाषिक सीप सिकाउन ।

घ. जीवनोपयोगी भाषिक विषयवस्तुलाई बढी प्राथमिकता दिई शिक्षण कार्य गर्नका लागि कथाहरू तोक्न ।

ङ. विद्यार्थीको रूचि, उमेर र आवश्यकता, शैक्षिक अवस्था, क्षमता आदि अनुसार शिक्षण कार्य सुनियोजित र प्रभावकारी रूपमा लैजान ।

च. खास प्राथमिकता नपाएका र एकपटक सिकिसकेका कुराहरू पुनः नदोहोरिउन् भन्नका लागि ।

छ. शुद्ध भाषा सिक्नका लागि विशेष नियमहरूलाई दोहोऱ्याएर व्यवहारिक र स्थायी बनाउन ।

ज. पहिलो भाषा सिक्नेको लागि खास-खास तहमा भाषा तत्वका खास-खास पक्ष, सन्दर्भ तथा शैली विशेषमा प्राथमिकता दिई सिकाइमा जोड दिन ।

झ. तत्काल उपयोगमा आउन सक्ने, जीवनमा काम लागिरहने खालका भाषिक विषयवस्तुहरूलाई बढी प्राथमिकता दिई पाठ्यवस्तु तोक्न ।

ञ. विद्यार्थीको स्तर, क्षमता, तह, व्यक्तिगत भिन्नता, भाषिक आवश्यकता, पठन-पाठन गर्दा लाग्ने समयलाई आधार बनाइ उपयुक्त एवम् प्रभावकारी विषयवस्तु निर्धारण गर्न । (पूर्ववत्, २०६५:१८८)

## २.३ छनोटका आधारहरू

पाठ्यवस्तु छनोट गर्दा ध्यान दिनुपर्ने आवश्यक कुराहरूलाई नै पाठ्यवस्तुको छनोटको आधारको रूपमा स्वीकार्न सकिन्छ । कथावस्तु छनोट गर्नका लागि आवश्यक पर्ने तत्व नै कथावस्तु छनोटको आधार मानिन्छ । कुनै पनि कार्य गर्नका लागि आधारको आवश्यकता पर्दछ । कुनै नयाँ सिद्धान्त प्रतिपदान गर्न होस् वा प्रतिपादित सिद्धान्तलाई प्रभावित गर्न होस् आधार आवश्यकता पर्दछ । आधार विना गरिएको कामले सही निष्कर्ष दिन सक्दैन । कुनै पनि विषयवस्तु अनुमानको आधारमा छनोट गर्नु किमार्थ राम्रो होइन । पाठ्यवस्तु छनोटमा मुख्यतः दुई प्रकारका रहेका छन् । ती आधारहरू बाहिरी र भित्री गरी दुई किसिमका हुन्छन् । भाषासँग मात्र सम्बन्धित नभएर अन्य पक्षसँग सम्बन्धित अथवा भाषाभन्दा बाहिरका प्रभावक तत्वहरूलाई बाहिरी प्रभावक भन्न सकिन्छ भने भाषाभित्रै अन्तनिर्हित वा आन्तरिक रूपमा भाषालाई प्रभाव पार्ने भाषिक तत्वहरूलाई आन्तरिक प्रभावक भनिन्छ । बाहिरी प्रभावक तत्वहरूलाई पाठ्यवस्तु छनोटको सामान्य आधार पनि भनिन्छ । त्यसैगरी आन्तरिक प्रभावक तत्वहरूलाई पाठ्यवस्तु छनोटको विशिष्ट आधारका रूपमा स्वीकार्न सकिन्छ । यस्ता छनोटको दुईवटै आधारहरूलाई वा प्रभावक तत्वहरूलाई छुट्टाछुट्टै रूपमा निम्नानुसार देखाउन सकिन्छ ।

### २.३.१ छनोटका वाह्य आधारहरू

छनोटमा भाषा बाहेक प्रभाव पार्ने अन्य तत्त्वहरूलाई छनोटका वाह्य आधार मानिन्छ । भाषिक विषयवस्तु छनोटमा विशेष प्रभाव पार्ने भाषाभन्दा बाहिरका भाषेत्तर तत्त्वहरूलाई वाह्य प्रभावक भनिन्छ (ऐजन : २९९) । शिक्षण कार्यमा भाषाले मात्र नभएर अन्य तत्त्वले पनि प्रभाव पार्दछ । त्यसकारण छनोट गर्दा वाह्य आधारहरूलाई पनि लिनुपर्छ । वाह्य प्रभावकहरुलाई प्रयोजन वा उद्देश्य, विद्यार्थीको तह वा स्तर, समयावधि र अन्य विविध पक्षहरूलाई निम्नानुसार अध्ययन गर्न सकिन्छ ।

#### २.३.१.१ प्रयोजन वा उद्देश्य

कुनै पनि विषयवस्तु छनोट गर्दा उद्देश्यलाई ध्यान दिनु पर्दछ । उद्देश्यलाई वेवास्ता गरेमा कुनै पनि कार्य सिद्ध हुन सक्दैन । काम के भयो र त्यसको परिणामले कहाँनेर सहयोग पुऱ्यायो भनेर थाहा पाउन सकिंदैन । के-कस्ता उद्देश्य

पूरा गर्नका लागि पाठ्यवस्तु छनोट गरिएको छ ? सो ख्याल गर्नुपर्दछ । पाठ्यक्रमको उद्देश्य एकातिर र छनोट गरिएका पाठ्यवस्तु वा सामग्री अर्कातिर भए भने पाठ्यक्रमले तोकेका उद्देश्य र आवश्यकता अनुसार अपेक्षित उपलब्धिहरू हासिल गराउन सकिंदैन । उद्देश्य विना पाठ्यवस्तु छनोटको कल्पना गर्न सकिंदैन र उद्देश्य विपरीतका पाठ्यवस्तु छनोटको कुनै पनि अर्थ रहँदैन । त्यसैले उद्देश्य पाठ्यवस्तु छनोटको केन्द्रीय तत्त्व हो । उद्देश्य विनाको कार्यको जसरी अर्थ हुँदैन त्यसैगरी विषयवस्तु छनोटको पनि औचित्य रहँदैन । विशेषतः पाठ्यक्रममा निर्धारण गरिएका साधारण र विशिष्ट उद्देश्य पूरा गर्ने गरी विषयवस्तु छनोट गर्नु पर्दछ ( ऐजन : ३००) ।

### २.३.१.२ विद्यार्थीको तह वा स्तर

विषयवस्तु छनोटमा प्रभाव पार्ने अर्को तत्त्व विद्यार्थीको स्तर वा तह पनि हो । विद्यार्थीको स्तरलाई ध्यान दिएर कुनै पनि विषयवस्तुको छनोट गर्नु पर्दछ । प्रत्येक कक्षा वा तहमा विद्यार्थीको उमेर फरक हुन्छ भने जति माथिल्लो कक्षामा गयो उति ज्ञान वा सीपमा गहनता हुनुपर्छ । सबै तहका लागि एउटै विषयवस्तु उपयुक्त हुँदैन । प्रत्येक तहमा एक निश्चित सीप सिकाउने उद्देश्य रहेको हुन्छ भने अर्कोतिर तह अनुसार सिकारूको क्षमता पनि फरक हुन्छ । त्यसकारण विषयवस्तु छनोट गर्दा विद्यार्थीको स्तर वा तहलाई ध्यान दिनु पर्छ । प्रारम्भिक कक्षाका विद्यार्थीका लागि छनोट गरिएको विषयवस्तु मध्यम र उत्तरवर्ती स्तरका शिक्षार्थीका निम्ति उपयुक्त हुँदैनन् (ढकाल, २०६४ : ५१)

### २.३.१.३ समयावधि

छनोटमा प्रभाव पार्ने अर्को तत्त्व समयावधि हो । समयावधि भन्नाले समय, अवधि, पाठ्यक्रमलाई बुझाउँछ । सम्बन्धित विषयवस्तु छनोट गर्दा कति समयको लागि छनोट गरिएको हो समय किटान गर्नुपर्दछ । सामन्यतः एउटा कक्षामा समावेश विषयवस्तुका लागि शैक्षिक सत्र तोकिन्छ र सो समय एक वर्षको हुन्छ । यसलाई पनि पाठ्यभार, घण्टी आदिमा विभाज गरिएको हुन्छ । तोकिएको समय र विषयवस्तुबीच तालमेल मिल्नु पर्दछ । यदि तोकिएको समयभन्दा विषयवस्तु वढी भएमा खोजेको उद्देश्य र अपेक्षा पूरा गर्न सकिंदैन भने अर्कातिर विषयवस्तुभन्दा समय बढी भएमा यसको नोक्सान भई पाउनु पर्ने सीप पनि हासिल हुन सक्दैन ( पूर्ववत्, २०६० : ३०१)

### २.३.१.४ अन्य विविध पक्षहरू

माथि उल्लेखित गरिएका विभिन्न आधारहरूका अतिरिक्त पाठ्यक्रमको प्रकृति, विद्यालयको प्रकृति, सिकारूको पूर्व ज्ञान वा क्षमता आदिजस्ता पक्षहरूलाई पनि मध्यनजर गरी पाठ्यवस्तुको छनोट गरिनु आवश्यक देखिन्छ । पाठ्यवस्तु छनोटमा पाठ्यक्रमको प्रकृतिले पनि विशेष प्रभाव पारेको हुन्छ । त्यसैले गर्दा पाठ्यक्रम जस्तो खालको छ त्यही अनुरूप पाठ्यवस्तुको छनोट गरिनु पर्छ । जस्तैः उच्च तहमा अनिवार्य नेपाली भाषाका लागि बनाइने पाठ्यक्रम र विशिष्टिकरणका लागि बनाइने ऐच्छिक नेपालीका पाठ्यक्रमका लागि एकै किसिमका पाठ्यवस्तु छनोट गरिंदैन । पाठ्यवस्तु छनोट गर्दा फरक फरक किसिमका पाठ्यवस्तुहरू छान्ने गरिन्छ ।

मूल तः पाठ्यवस्तु छनोट गर्दा विद्यालयको प्रकृतिलाई पनि ख्याल गर्नुपर्दछ । उदाहरणका लागि विदेशी भाषा सिकाइने विद्यालय र मातृभाषा शिक्षण गर्ने विद्यालयको पाठ्यक्रम एउटै किसिमका पाठ्यवस्तु छनोट नगरी विषय फरक-फरक प्रकृति भएका पाठ्यवस्तुहरू छनोटयोग्य हुने गर्दछन् । त्यसै गरी विषय एउटै भए पनि प्रयोजनपरकताका दृष्टिले कृषि, कानुन, विज्ञान, प्रविधि, वाणिज्य, वनविज्ञान, इन्जिनियररिङ, चिकित्सा आदि विविध क्षेत्रसँग सम्बन्धित विद्यालय वा महविद्यालयमा सम्बन्धित विषयका वा सम्बन्धित विषयक्षेत्रसँग आधारित छुट्टाछुट्टै किसिमका शब्द पदावली, वाक्यरचना भएका पाठ्यवस्तुहरू छनोट गरिनु सान्दर्भिक देखिन्छ ।

छनोटको अन्य आधार वातावरण पनि हो । वातावरणले विषयवस्तुमा प्रभाव पार्दछ । सामाजिक परिस्थिति, विद्यालय, घरायसी वातावरण आदिको आधारमा विषयवस्तु छनोट गर्नु पर्दछ । हाम्रोजस्तो गरिवीले व्याप्त रहेको र विकासका पूर्वाधारहरूको विकास नभएको देशमा अमेरिका, जापानजस्तो सम्पन्न देशको विषयवस्तु छनोट गरियो भने अपेक्षित उद्देश्य पूरा हुन सक्तैन । हुन त कतिपय अवस्थामा विदेशको शिक्षा नेपालमा प्रयोग गर्न खोजिएको पाइन्छ । तर त्यसबाट जति उपलब्धी हासिल गर्नुपर्ने हो त्यो हुन सकेको छैन । नेपालको परिवेशमा विदेशी शिक्षा दिनु कठीन कार्य हो । त्यसैले विषयवस्तु छनोट गर्दा नेपाली परिवेश अनुकूल छनोट गर्नु राम्रो हुन्छ ।

त्यसैगरी विषयवस्तु छनोटको अर्को आधार सिकारूको पूर्व ज्ञान वा क्षमता पनि हो । विषयवस्तु र विद्यार्थीको क्षमता र स्तरबीचको तालमेल हुनु पर्छ । पहिलो कक्षामा के कस्ता सीप हासिल भयो र अब कस्ता सीपको लागि विषयवस्तु छनोट गर्नुपर्ने हो भन्ने कुरामा ध्यान पुऱ्याउनु पर्ने हुन्छ । विद्यार्थीको पूर्व क्षमता भनेको सिकिसकेका कुराहरूको समझ भएकोले यसले पनि विषयवस्तुको छनोट र स्तरणमा प्रभाव पार्दछ । विषयवस्तु छनोट गर्दा सिकारूको क्षमतालाई पनि ध्यान दिनुपर्छ । सबै तह र कक्षाका विद्यार्थीका क्षमता समान हुँदैन किनभने प्रत्येक कक्षा र तहमा कतिसम्म सीप सिकाउने भन्ने निर्धारण गरिएको हुन्छ र सोही अनुसार नै सीप सिकाइएको हुन्छ । पूर्ववत् ज्ञान कस्तो छ ? त्यसैको आधारमा विषयवस्तु छनोट गर्नुपर्छ (ऐजनः ३०२) ।

एवम् रितले विषयवस्तु वा पाठ्यवस्तु छनोट गर्दा विद्यार्थीको रूचि, प्रवृत्ति, व्यक्तिगत भिन्नता, शारीरिक, मानसिक बनोट, उसको पूर्वज्ञान, भाषिक क्षमता आदिजस्ता पक्षहरूलाई मध्यनजर राख्दै त्यही अनुकूलका सुहाउँदा बुझिँदा पाठ्यवस्तुहरू छनोट गरिनु आवश्यक हुन्छ ।

### २.३.२ छनोटका आन्तरिक आधारहरू

भाषाभित्रकै विभिन्न पक्षसँग सम्बन्धित भाषा पाठ्यवस्तु छनोटका आधारलाई पाठ्यवस्तु छनोटका विशिष्ट आधार तथा आन्तरिक प्रभावक तत्वहरूका रूपमा स्वीकार्न सकिन्छ । आन्तरिक प्रभावकहरू सम्बन्धित विषयका अन्तरनिहित विशेषता वा पक्षसँग आधारित हुने गर्दछन् । यी पक्षहरूलाई ख्याल नगरिकन जथाभावी ढङ्गले पाठ्यवस्तुको छनोट गरेमा पाठ्यक्रमले तोकेको उद्देश्य विफल हुने गर्दछ । यस्ता पाठ्यवस्तु छनोटका विशिष्ट वा आन्तरिक आधारहरूलाई भाषिका, प्रयोजनपरक भेद, शैली, माध्यम र भाषातत्वहरुलाई निम्नानुसार अध्ययन गर्न सकिन्छ ।

#### २.३.२.१. भाषिका

कुनै पनि ठाउँको भौगोलिक, सामाजिक, साँस्कृतिक, वातावरणीय आदि विविधताका कारणले एउटै भाषाका पनि विभिन्न भेदहरू हुन सक्छन् । एउटा भाषा पाठ्यक्रममा सबै प्रकारका भाषिक भेदहरूको शिक्षण सम्भव देखिंदैन । त्यसैले भाषा पाठ्यक्रममा एउटै मानक भेदलाई आधार बनाएर त्यही मानक भाषिकासँग सम्बन्धित ज्ञान र सीपको विकास गर्ने उद्देश्यले शिक्षण गर्नुपर्ने

देखिन्छ । मानक भाषिका भन्नाले शिक्षाको, सञ्चारको, प्रशासनिक कार्यको माध्यम, कानुनी उपचारको माध्यम, औपचारिक सम्प्रेषणको माध्यम, आपसी सम्पर्क र सम्प्रेषणको माध्यमका रूपमा प्रयोग र व्यवहार हुने भाषिक रूप हो ( ऐजन ३०२) ।

### २.३.२.२ प्रयोजनपरक भेद

ज्ञान विज्ञानका विभिन्न क्षेत्रसँग सम्बन्धित भाषिक प्रयोगलाई प्रयोजनपरक भेद भनिन्छ । यसलाई रजिष्टर वा प्रयुक्ति भेद पनि भन्ने गरिन्छ । यसलाई अंग्रेजीमा जार्गन पनि भनिन्छ । कानून, कृषि, प्रशासन, साहित्य, चिकित्सा, अर्थवाणिज्य, विज्ञान, सञ्चार आदि विभिन्न क्षेत्रमा प्रयोग हुने नेपाली भाषा फरक-फरक हुने गर्दछ । जसमा विभिन्न किसिमका शब्द, शैली, वाक्यसंरचनाहरूको प्रयोग गरिन्छ । भाषा पाठ्यक्रमको मूल अभिप्राय पनि प्रयोजनपरक विभिन्न विषयक्षेत्रको दक्षता हासिल गराउनु रहेको देखिन्छ । विषवस्तु पनि तिनै प्रयुक्तिपरक रजिष्टार भेद सम्बद्ध क्षेत्रबाट छनोट गर्नुपर्ने हुन्छ । भाषाका विषयवस्तु छनोट गर्दा विशेष विषयगत रूपमा भाषाकै शब्दभण्डार, वाक्य संरचना र शैली सम्बन्धी सीपको विकास गराउने गरी गर्नुपर्छ । नेपाली भाषाकै सन्दर्भमा हेर्न र विद्यार्थीहरूलाई भाषाको साहित्यिक भेद सिकाउने हो भने त्यसैसँग सम्बन्धित मात्र पाठ्यसामग्री छनोट गर्नुपर्छ । यदि पाठ्यक्रमको लक्ष्य कानूनी भेद सिकाउने छ भने साहित्यिक भेदबाट पाठ्यसामग्री लिनु असान्दर्भिक देखिन्छ ।

### २.३.२.३ शैली

कुनै पनि विषय प्रस्तुत गर्ने तरिका, पद्धति वा ढाँचालाई शैली भनिन्छ । शब्द सागरका अनुसार साहित्यिक विषयवस्तु अनुसारकोभाव स्पष्ट गराउने भिन्न भिन्न रचना शील्प नै शैली हो । विषयवस्तु छनोट गर्दा शैलीलाई ध्यान दिनु पर्दछ (ऐजन : ३०४) । मूल तः शैली औपचारिक र अनौपचारिक गरी दुई प्रकारका हुने गर्दछन् । औपचारिक सभा, समारोह, गोष्ठी, सेमिनार, भाषण, प्रवचन, अन्तर्वार्ता, भेटवार्ता आदिमा औपचारिक शैलीको प्रयोग हुन्छ भने सामान्य कुराकानी, छलफल, सम्प्रेषण आदिका सन्दर्भमा अनौपचारिक शैलीको प्रयोग गरिन्छ । भाषा पाठ्यवस्तुको छनोट गर्दा अनौपचारिक भन्दा पनि बढी औपचारिक भाषा पाठ्यवस्तुलाई छनोट गर्नु बढी सान्दर्भिक देखिन्छ । भाषा शिक्षणको उद्देश्य र भाषिक भेदहरू सुहाउँदो शैलीको छनोट भाषा शिक्षणको क्रममा गर्नुपर्ने हुन्छ । त्यसैले शैलीलाई अन्य विविध

पक्षबाट पनि हेर्नु वा ठम्याउनु पर्ने हुन्छ । जस्तो सरल-जटिल, कथ्य-लेख्य, साहित्यिक-असाहित्यिक, व्याकरणिक-आलङ्कारिक, अविधा, लक्षणा, व्यञ्जना आदि जुन किसिमको शैली विकास गर्नु पाठ्यक्रमको अपेक्षा रहेको हुन्छ । त्यसै अनुरूप शैलीका विभेदित विशेषताहरूलाई ख्याल गरेर विद्यार्थीका सिकाइ, प्रवृत्ति र रूचि एवम् स्तर अनुरूपका शैली भाषाका विषयवस्तुहरू छनोट गरिनु व्यवहारिक एवम् उपयोगी हुन्छ ।

**२.३.२.४ माध्यम**

भाषाको अभिव्यक्ति लिखित र मौखिक गरी दुई माध्यमबाट हुन्छ । भाषिक विषयवस्तुको छनोट गर्दा लिखित वा मौखिक कुन माध्यमलाई आधार बनाएर गर्ने भन्ने कुरा ज्यादै महत्त्वपूर्ण कुरा हो । पहिले-पहिले भाषा पाठ्यक्रमका लिखित माध्यमलाई मात्र आधार बनाएर पाठ्यवस्तुको चयन गर्ने प्रचलन थियो । जसले गर्दा उत्पादित विद्यार्थीहरू लोक अभिव्यक्तिका निपूर्ण भए पनि कथ्य अभिव्यक्तिमा निकै कमजोर भएको पाइन्छ (ऐजन) । यसले कथ्य अभिव्यक्तिमा ज्यादै अशुद्ध हुने देखिएकोले समस्या उत्पन्न भयो । जुन भाषा व्यवहारमा बढी प्रयोग हुन्छ त्यो भाषाप्रति ध्यान नदिँदा भाषिक समस्या देखा पऱ्यो । सामान्य अध्ययन गर्दा पनि भाषा सम्प्रेषण गर्ने क्रममा कथ्य भाषा बढी प्रभावकारी बनाउन उच्चारण, हाउभाउ, संवेगात्मक, अभिनय जस्ता अभिव्यक्ति सीपको विकासका लागि पाठ्यवस्तुमा कथ्य भाषाको पनि प्रयोग गर्नुपर्ने देखिन्छ । साहित्यका विधालाई हेरेर कथ्य भाषाको  पनि प्रयोग गर्नुपर्ने देखिन्छ । कवितामा लेख्य भाषाको प्रयोग हुन्छ तर कथा, नाटक, संवाद जस्ता विषयवस्तुहरूमा कथ्य भाषाको प्रयोग भएको पाइन्छ । विषयवस्तु छनोट गर्दा पाठ्यक्रमले जोड दिएको माध्यमलाई आधार बनाएर विषयवस्तु छनोट गर्नुपर्दछ ।

**२.३.२.५ भाषातत्त्व**

भाषातत्त्वभित्र वर्ण, व्याकरण र शब्द भण्डारका कुराहरू पर्दछन् । यी कुराहरू भाषाभित्र नै निहित हुने भएकाले यिनलाई भाषा पाठ्यवस्तु छनोटका आन्तरिक तथा विशिष्ट आधारका रूपमा स्वीकार्न सकिन्छ । जुनसुकै भाषिका, प्रयोजनपरक भेद, शैली र माध्यमभित्र भाषातत्त्वका कुराहरू अर्न्तनिहित हुन्छन् अथवा जुनसुकै ठाउँमा भाषाको कुरा गर्ने वित्तिकै त्यसभित्र अर्थ, सबै कुराहरू स्वतः आउने गर्दछन् । त्यसैले गर्दा पाठ्यक्रमले जस्तो किसिमका भाषातत्त्वका

उद्देश्यहरू बोकेको छ, तिनै उद्देश्यहरूसँग मेल खाने गरी विद्यार्थीको स्तर, रूची, क्षमता, तह इत्यादिलाई मध्यनजर राख्दै भाषा तत्त्वहरूको छनोट गरिनु पर्छ । भाषातत्त्व छनोटका पनि विभिन्न आधारहरू हुने गर्दछन् । तिनै आधारहरूमा आधारित भएर भाषातत्त्वको छनोट गऱ्यो भने पाठ्यक्रमले निर्दिष्ट गरेको उद्देश्य हासिल हुने गर्दछ । ती आधारहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

**क. आवृत्ति**

आवृत्ति भन्ने वित्तिकै दोहोरिनु भन्ने कुरा बुझ्न सकिन्छ । त्यसैले भाषातत्त्वको छनोट गर्दा खास-खास सन्दर्भमा भाषा तत्त्वका कुराहरू दोहोरिनु पर्दछ । यसरी दोहोरिने भाषा तत्त्वहरूमा वर्ण, शब्द, पदावली, अक्षर, उखान टुक्का आदि रहेका छन् । बारम्बार दोहोरिएर आउने यस्ता भाषिक एकाइहरूले भाषा सिकाइ र प्रयोगका सिकाइमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने गर्दछन् । त्यस्तै भाषा पाठ्यवस्तुको छनोट गर्ने क्रममा बारम्बार दोहोरिएर आउने बढी महत्त्वपूर्ण एकाइलाई प्राथमिकता दिनु पर्दछ । भाषातत्त्वको कुराहरू जति बढी दोहोरिएर आउँछन् । त्यति नै बढी सिकाइ चिरस्थायी एवम् दिगो बन्ने गर्दछ । विद्यार्थी अनुकूल समय सापेक्ष विविध जल्दा बल्दा क्षेत्रमा प्रयोग हुने भाषा तत्त्वहरू पाठ्यवस्तु छनोटमा आउनु पर्दछ । कुनै भाषा तत्त्वको प्रयोग एक प्रसङ्गमा भएपछि पुनः दोहोरिएर आएनन् भने विर्सन सक्ने स्थिति आउन सक्दछ । त्यसैले भाषा तत्त्वकोको छनोट गर्दा बारम्बार प्रयोग र प्रसङ्गमा आइरहने आवृत्तिमूलक भाषा तत्त्वहरूलाई ध्यान दिएर वा आधार बनाएर पाठ्यवस्तुको छनोट गरिरहनु पर्दछ ।

**ख. विस्तरण/बाँडफाँड**

विस्तरण भनेको भाषातत्त्वहरूको सन्तुलित एवम् समान रूपका बाँडफाँड हुनु हो । भाषा पाठ्यवस्तु छनोट गर्दा सबै भाषातत्त्वका पक्षहरूलाई समानुपातिक रूपमा बाँडफाँड विस्तरण गरिनु पर्दछ । भाषातत्त्वको छनोटमा आवृत्तिमूलक कुराहरूलाई मात्र जोड दिएर पुग्दैन । त्यसका लागि सन्तुलित रूपमा तथा समानुपातिकरूपमा आवृत्ति हुनु आवश्यक देखिन्छ । विस्तरणले भाषातत्त्वको बढी वा कम आवृत्तिलाई जोड नदिएर सन्तुलित ढङ्गमा भाषाको प्रयोग गर्ने कुरामा जोड दिन्छ । त्यसैले गर्दा भाषातत्त्वको पाठ्यवस्तु छनोट गर्दा विस्तारमूलक भाषातत्त्वलाई मध्यनजरमा राख्नुपर्ने आवश्यक देखिन्छ ।

**ग. प्राप्यता**

आवश्यक परेको बेलामा तत्काल प्राप्त हुन सक्ने वा तत्काल सम्झेर व्यवहारमा प्रयोगमा ल्याउन सकिने व्यवहारिक भाषातत्त्वलाई नै प्राप्यतामूलक भाषातत्त्व भनिन्छ । भाषातत्त्वको छनोट गर्दा यस आधारलाई पनि महत्त्व दिनुपर्ने देखिन्छ । बालकले दिनहुँ प्रयोग गर्ने आफ्नो छरछिमेक वा समाजमा सुनेका तथा अनुभव गरेका शब्दहरूका आधारमा पाठ्यवस्तुको छनोट गरिएको खण्डमा चाँडै स्मरण भई सिकाइ प्रभावकारी बन्न सक्छ । त्यसैले पाठ्यवस्तुको छनोट गर्दा दैनिक जीवनमा प्रयोग हुने, प्रयोगमा आइपरेका व्यवहारिक सम्झिने वित्तिकै झट्टै प्रयोगमा ल्याउन सकिने कुराहरूलाई विचार पुऱ्याउनु पर्दछ । जस्तैः पढाइ, लेखाइका सम्बन्धमा किताब, कापी, कलम, मसी आदि, भात भान्साका सम्बन्धमा आगो, चुलो, चामल, दाल, तरकारी, पनिउँ इत्यदि कृषिका सम्बन्धमा हलो, जुवा, कुटो, कादालो, मल, बीऊ, सिंचाइ, बालभाषाका सन्दर्भमा बुबुमाम, चिची, तेते आदि अनेक सन्दर्भहरूमा प्रसङ्गका हिसाबले खास किसिमका भाषिक रूपहरूको प्रयोग गरिनु पर्दछ । जसलाई सिकारूले झट्ट सम्झेर बुझ्न र प्रयोग गर्न सकुन् ।

**घ. व्यापान/व्यापकता/व्यक्ति**

व्यक्ति भन्नाले कुनै एक शब्दले एकभन्दा बढी शब्दको प्रतिनिधित्व गर्ने स्थितिलाई बुझाउँछ । यसलाई समावेशात्मक अर्थगत सम्बन्ध भएको रूप पनि मान्न सकिन्छ । पाठ्यवस्तुको छनोट गर्दा पनि यस्तै समावेशात्मक अर्थ बोकेको वा भनौं व्यापक अर्थलाई समेट्न सक्ने शब्द तथा रूपलाई प्राथमिकता दिई यसैलाई आधार बनाउन सकिन्छ । बालकले एउटा शब्दको अर्थ बुझ्ने वित्तिकै स्वतः त्यसभित्र समावेश भएका अन्य शब्दको पनि अर्थ सजिलै बुझ्न सकोस् । जस्तैः तरकारी शब्दले आलु, फर्सी, भन्टा, काउली, साग, सिमी, करेला आदि शब्दहरू सम्झाउन सक्दछ वा समावेश गर्न सक्दछ । त्यसैगरी फलफूल पुस्तक आदि शब्दमा पनि व्यापकता पाइन्छ ।

**ङ. मनोवैज्ञानिक/शैक्षणिक आधार**

पाठ्यवस्तु छनोट गर्दा विद्यार्थी स्तर, उसको उमेर, मानसिक एवम् वौद्रिक तह अनुकूलको हुनुपर्छ । तसर्थ पाठ्यवस्तुको छनोट गर्दा यी कुराहरूलाई दृष्टिगत गरी यिनै कुराहरूलाई आधार बनाएर पाठ्यवस्तुको छनोट हुनु आवश्यक देखिन्छ । सरल, सहज एवम् स्वभाविक ढङ्गबाट अर्थ लगाउन सक्ने, नियमित रूपमा दैनिक

व्यवहारमा प्रयोग हुने पाठ्यवस्तुको छनोट गरिनु पर्दछ । पाठ्यवस्तुको छनोट गर्दा विद्यार्थी तह अनुसार उनीहरूको रूचि र क्षमतालाई मध्यनजर गर्दै सुहाउँदा र बुँझिदा खालका पाठ्यवस्तुलाई स्थान दिनुपर्छ । तल्लो तहका लागि छनोट भएका पाठ्यवस्तुको माथिल्लो तहलाई पृष्ठभूमिको रूपमा काम गर्न सक्नुपर्छ । यसका साथसाथै विद्यार्थीको रूचिलाई जगाउने खालका, मनोरञ्जन पैदा गराउने खालका एवम् उत्प्रेरणा जगाउने खालका विषयवस्तुलाई बढीभन्दा बढी प्राथमिकता दिनुपर्छ । तल्ला तहका लागि सरल, सरस तथा सहज शब्दको प्रयोग गर्ने र माथिल्ला तहमा पुगेपछि स्वभाविक रूपमा जटिल शब्दको प्रयोगमा विस्तार गर्दै जाने गर्नुपर्छ । तल्ला तहमा नै सिकारू उदासीन हुने खालका शब्दहरू राखिनु हुँदैन । त्यसैले पाठ्यवस्तु छनोट गर्दा स्तरयुक्त, सिक्न सक्ने क्षमता आदिलाई ख्याल गर्नु आवश्यक देखिन्छ । यसका लागि शिक्षणका विभिन्न सुत्रहरू सामान्यबाट विशिष्टतिर, सरलबाट जटिलतिर, पूर्णबाट अंशतिर, स्थूलबाट भावात्मकतिर आदिलाई ध्यान दिई त्यसै अनुरूप पाठ्यवस्तुको छनोट गर्नुपर्छ ।

### २.४ स्तरणको परिचय

कुनै पनि विषयवस्तुको छनोट गरिसकेपछि त्यसलाई जथाभावी राख्नु हुँदैन । स्तरीय र सुव्यवस्थित रूपमा राख्नुपर्दछ । त्यसको लागि स्तरणको आवश्यकता पर्दछ । 'स्तर' शब्दमा 'अन' प्रत्यय लागेर बनेको स्तरण शब्दको शाब्दिक अर्थ स्तरयुक्त बनाउनु वा एक निश्चित श्रृङ्खलामा राख्नु हो । छनोट गरिएका विषयवस्तुलाई शिक्षण कार्यमा प्रभावकारी बनाउन र सीपको क्रमशः विकास गर्दै लैजान छनोट गरिएका विषयवस्तुलाई एक निश्चित क्रम मिलाएर राख्नुलाई स्तरण भनिन्छ । (पूर्ववत्, २०६५:१९९)

स्तरणलाई स्तरयुक्त बनाउने कार्य अथवा अपेक्षित योग्यतायुक्त बनाउने कार्य भन्ने अर्थमा पनि बुझ्न सकिन्छ । भाषा पाठ्यक्रमका सन्दर्भमा उद्देश्य अनुसार समय, सीमा र विद्यार्थीका तह एवम् स्तरअनुरूप छनोट गरिएका भाषिक विषयवस्तुहरूलाई प्रभावकारी एवम् व्यवस्थित क्रममा प्रस्तुत गरेर शिक्षण सिकाइ योग्य बनाइने कार्य नै स्तरण हो । भाषिक पाठ्यवस्तु छनोटले मात्र उक्त सामग्रीहरू शिक्षणयोग्य हुन सक्छन् भनेर ठोकुवा गर्न मिल्दैन । ती छनोट गरिएका विषयवस्तुलाई सिकाइका निम्ति शैक्षणिक मनोवैज्ञानिक दृष्टिले उचित श्रृङ्खलामा प्रस्तुत गरिनु पर्दछ । साथै विषयवस्तुका आपसी अन्तर्सम्बन्धको पहिचान गरी

आधारभूत कुराहरूलाई पहिले र अन्य कुराहरूलाई क्रमशः सरलदेखि जटिलको क्रममा ढालेर अहिले सिकेको कुराले पछि सिक्ने कुरालाई पृष्ठभूमिको काम गर्न सक्ने गरी सङ्गठित गर्नुपर्ने हुन्छ । यी सबै कुराको तालमेल मिलाउने काम स्तरणले गर्दछ ।

शिक्षण सिकाइका निम्ति छनोट गरिएका वा निर्धारित गरिएका कुराहरूलाई अपेक्षित तह वा कक्षाका निम्ति शिक्षणयोग्य बनाउनु वा स्तरिकृत गर्नुलाई विषयवस्तुको स्तरण भनिन्छ (ऐजन : ३१८) । छनोट गरिएका विषयवस्तुहरूलाई मिलाएर प्रस्तुत गर्ने कार्यलाई भाषा पाठ्यवस्तुको स्तरण भनिन्छ । छनोट गरिएका विषयवस्तु र शिक्षण सिकाइ एक अर्कामा अन्तरसम्बन्धित हुन्छन् । शिक्षण कार्यमा एउटा सिकाइले अर्को सिकाइलाई पृष्ठभूमिको काम गर्छ भने अर्कोतिर सिकिसकेको कुरालाई पुनः स्मरण गराउने वा व्यवहारिक ज्ञान दिने काम गर्दछ । जस्तैः साइकल सिकेको व्यक्तिले मोटर साइकल सिक्न सजिलो हुन्छ । त्यसैगरी छनोट गरिएका विषयवस्तु सिक्नका लागि सहयोग गर्छ । कुनै पाठ दोहोरिने, कुनै पाठ छुट्ने, कुनै महत्वपूर्णलाई कम जोड र कम महत्वपूर्णलाई बढी जोड दिने भई शिक्षण कार्य प्रभावकारी नहुन सक्छ । त्यसकारण छनोट गरिएका विषयवस्तुलाई स्तरण गर्नु पर्दछ ।

**२.४.१ स्तरणको आवश्यकता/महत्त्व**

स्तरणका आवश्यकता एवम् महत्त्वलाई निम्न बुँदामा समेट्न सकिन्छ ।

क. छनोट गरिएका विषयवस्तुहरूबाट पाठ्यक्रममा निर्धारित उद्देश्यहरू उच्चतम् विन्दुमा प्रभावकारीताका साथ पूरा गर्न सक्षम बनाउनु ।

ख. शिक्षण कार्यलाई सरलबाट जटिलतिर लैजादै शिक्षण सिकाइलाई प्रभावकारी बनाउनु ।

ग. बढी महत्त्वपूर्ण विषयलाई पुनरावृत्ति गर्ने र कम महत्त्वपूर्ण विषयलाई पुनरावृत्ति नगरी समयको बचत गर्नु ।

घ. भाषिक विषयवस्तुहरूको आपसी सम्बन्धलाई मध्यनजर राख्दै अगाडि सिकेको कुराले पछाडि सिक्ने कुरालाई पृष्ठभूमिको काम गर्ने आधार तयार गर्नु ।

ङ. भाषाका अन्तरसम्बन्धित व्यवस्थाहरूलाई एकीकृत ढङ्गले समायोजन गरी कुन पछि, कुन र कुन पछि कुन कुरा सिकाउँदा सिकाइ सरल, सवल, गतिशील एवम् रूचिपूर्ण हुन सक्छ भन्ने कुराको शैक्षणिक आधार प्रदान गर्नु ।

च. स्तरयुक्त पाठ्यवस्तु एवम् पाठ्यसामग्रीको सहयोगले थोरै कुराबाट अधिक भाषिक क्षमताको विकास गराउनु ।

छ. कतै अत्यधिक बोझ र कतै अत्यधिक सरलता कायम भएर असामान्य सिकाइ स्थिति सिर्जना गर्न मद्दत पुऱ्याउनु ।

**२.४.२ स्तरणका आधारहरू**

पाठ्यवस्तु स्तरणका आधारहरू र छनोटका आधारहरू एउटै हुन् । जसरी पाठ्यवस्तु छनोट गर्दा तिनै आधारहरूलाई अबलम्बन गर्नुपर्ने हुन्छ । यति हुँदाहुँदै पनि पाठ्यवस्तु स्तरणका लागि शैक्षिक तथा मनोवैज्ञानिक आधारहरूलाई सबैभन्दा बढी प्राथमिकता दिनुपर्ने हुन्छ । स्तरण भनेको विद्यार्थीको तह, सिकाइ प्रवृत्ति अनुकूल रूचिपूर्ण एवम् प्रोत्साहनपूर्ण ढङ्गले पाठ्यसामग्रीहरूको व्यवस्थित एवम् सङ्गठित प्रस्तुतिक्रम भएकाले प्रत्यक्ष वा अप्रत्यक्ष जुनसुकै रूपमा पनि सिकाइको मनोवैज्ञानिक आधारले निकै ठूलो भूमिका खेलेको देखिन्छ । शैक्षणिक एवम् मनोवैज्ञानिक दृष्टिले पाठ्यवस्तुका बीचमा परस्पर सम्बन्धलाई मध्यनजरमा राखी सरलबाट जटिल, सामान्यबाट विशिष्ट, मूर्तबाट अमूर्त, पूर्णबाट अंश, ज्ञातबाट अज्ञात, प्रत्यक्षबाट अप्रत्यक्षका क्रममा यसैमा आधारित भई स्तरण प्रक्रिया अगाडि बढाउनु पर्ने देखिन्छ । यसबाट के पुष्टि हुन्छ भने छनोटका सामान्य आधार लगायत मनोवैज्ञानिक एवम् शैक्षिणिक आधार नै पाठ्यवस्तु स्तरणका आधारहरू हुन् । जसको चर्चा माथि गरिसकेकोले पुनः चर्चा गर्नु सान्दर्भिक देखिंदैन ।

**२.४.३ स्तरणका प्रकार**

छनोट गरिएका विषयवस्तुलाई एक निश्चित क्रम मिलाएर राख्नको लागि निर्धारण गरिएका तरिकाहरूलाई स्तरणका प्रकार भनिन्छ । स्तरणका प्रकारहरूलाई निम्नानुसार अध्ययन गर्न सकिन्छ ।

**२.४.३.१ पङ्क्तीय/रेखीय स्तरण**

यसलाई रेखीय स्तरण पनि भनिन्छ । यस्तो स्तरणका जुन पाठ्यवस्तु जुन तह र कक्षाका लागि भनेर छनोट गरिन्छ । त्यसलाई त्यहीँ पूर्णता दिने प्रयास गरिएको हुन्छ । पाठ्यवस्तुको सम्पूर्ण पक्ष वा पङ्क्तिवद्ध प्रस्तुतिको ध्येय राख्ने स्तरणलाई पङ्क्तीय स्तरण भनिन्छ । व्याकरणका सबै पक्ष र भाषिक सीपहरूलाई पनि एक पछि अर्को क्रममा प्रस्तुत गर्ने धारणा यसमा पाइन्छ । एउटा सुनिश्चित रेखामा अगाडि बढ्ने भएकाले तथा रेखीय स्तरण तलदेखि माथिको श्रृङ्खलामा

क्रमबद्ध उनिदै जाने हुनाले यसलाई उर्ध्वतलीय,लम्बीय र श्रीङ्खलात्मक स्तरण भनिन्छ । (ऐजन : ३२५०) पठित पाठको आवृत्तिलाई यसले निषेध गर्दछ । परस्परमा अन्तर सम्बन्ध पाठ्यवस्तुलाई पनि पृथकीकरण गर्ने यो स्तरकण हिँजोआज प्रयोग प्रचलनमा कम देखिन्छ । खास विषयको सामान्य र आधारभूत कुराको प्रवेश अग्रवती कक्षामा गराएर पश्चवर्ती कक्षामा त्यससँग सम्बद्ध विशिष्ट कुराको प्रस्तुति गर्ने कुरालाई यसले नकार्ने भएकोले मनोवैज्ञानिक र शैक्षणिक दृष्टिले पनि यसलाई कमजोर स्तरण मानिन्छ । विद्यार्थीको सोँच्ने, सम्झने, विचार गर्ने र तर्क गर्ने शक्ति र उनीहरुको इच्छा, चाहना र आकाङ्क्षालाई बेवास्ता गरेर विषयको स-विस्तार प्रस्तुतिलाई महत्व दिने यस स्तरणले विषयवस्तुको बोझलाई बोकाइदिए बोक्न सक्ने भारी सम्झन्छ । तर विद्यार्थीको लागि उक्त विषयवस्तु बोकाको मुखमा कुभिन्डो हुने कुरालाई यसले पूर्णतया बेवास्ता गर्छ ।

**२.४ ३.२ चक्रीय स्तरण**

पाठ्यक्रमको उद्देश्य हासिल गर्नको निम्ति छनोट गरिएको विषयवस्तुलाई चक्र घुमेजस्तै घुमाइ फिराइ अझ विस्तार र उन्नयनका साथ गरिने स्तरणलाई चक्रीय स्तरण भनिन्छ । यसमा एकपटक सिकाइसकेका कुरा पुनः प्रस्तुत गरिने हुन्छ । पहिले सिकेको कुरालाई पुनः सिकाइने हुँदा व्यावहारिक र चीरस्मरणीय बनाउँछ (ऐजन : ३२६) । यो स्तरणलाई वृत्ताकारीय स्तरण पनि भनिन्छ । विद्यार्थीको इच्छा,आकाङ्क्षा र उमेरको स्तरअनुसार विषयवस्तु प्रस्तुत गर्ने ध्येय राख्ने चक्रीय स्तरण हिँजोआज प्रयोग प्रचलनमा आइरहेको छ । पाठ्यवस्तुको आधारभूत वा सामान्य कुरा तल्लो कक्षामा प्रस्तुत गरेर माथिल्लो कक्षामा त्यस विषयसँग सम्बद्ध सामान्य कुरा दोहोऱ्याउँदै विशिष्ट कुरामा प्रवेश गराउने प्रक्रिया चक्रीय स्तरणका देखिन्छ । यो शिक्षणीय र मनोवैज्ञानिक दृष्टिले पनि उपयुक्त हुन्छ । धेरै सोच्न,विचार गर्न र तर्क गर्न नसक्ने तहको शिक्षार्थीको निमित्त आधारभूत वा सामान्य कुरा ज्ञान गर्ने गराउने कुरा, सहज, सरल र सुगम हुन सक्छ । आवृत्तिले पूर्वाजित ज्ञानको स्मरण गराउँछ, यसले ज्ञान तथा सीपलाई सबलीकरण गर्दछ । सबलीकृत अवस्थाबाट अग्रगति लिने कुराले शिक्षार्थीको मनोबल बढाउँछ भने थपोटले नवीनताको अनुभव गराउँछ । दोस्रो चरणको सिकाइका लागि पृष्ठपोषण गर्ने कार्य आवृत्तिले गर्दछ भने विषयवस्तुको उत्तरोत्तर उन्नयनले सिकारूमा थप उत्प्रेरणा प्रदान गर्दछ ।

भाषातत्त्व र भाषिक सीपहरु परस्परमा सम्बन्धित र अन्तः श्रृङ्खलित हुन्छन् । एकपटक एउटा सन्दर्भमा पढे पढाएका कुरा अर्को सन्दर्भमा पनि सम्बन्धित र श्रृङ्खलित भएर देखा पर्ने हुँदा चक्रीय स्तरण लोकप्रिय भएको हो । पठन पाठनमा यो स्तरण उपयोगमा ल्याउँदा शिक्षण तथा सिकाइ अपेक्षाकृत सरल, सहज र सुगम हुन सक्छ ।

**२.४.३.३ परम्परागत स्तरण**

पाठ्यवलीको स्तरणमा परम्परात प्रक्रिया भन्नाले शिक्षण सिकाइका मनोवैज्ञानिक सोँच र शैक्षणिक आधारहरुलाई वास्ता नराखी तार्किक आधारहरुलाई आत्मसात गरेर अनुक्रम मिलाइने प्रक्रिया भन्ने बुझिन्छ । यसप्रकारका स्तरणमा विद्यार्थीको क्षमता, रुचि, विद्यार्थीको व्यक्तिगत भिन्नता, भाषिक, पृष्ठभूमि, लेखाइ सीपको विकास गराउने भन्ने सैद्धान्तिक आधारबाट अगाडि बढाइन्छ (ऐजन : ३३०) । सिकाइको सूत्र सिद्धान्त तथा जीवनका आवश्यकता जस्ता कुराहरुलाई ओझेलमा राखेर केवल पढ्नको निम्ति पढ्ने किसिमले स्तरण गरिने परम्परागत शिक्षण प्रक्रिया ‘पढ र मनन गर अनि त्यसलाई सुनाएर अथवा लेखेर व्यक्त गर’ भन्ने शिक्षणीय सोँचमा आधारित देखिन्छ । विषयगत ज्ञानलाई साधन बनाएर भाषिक सीप हासिल गराउने भन्दा साहित्यिक रचनाको संज्ञान पक्षलाई प्राप्त गर्ने हेतु राखेर पाठ्यवस्तुको स्तरण गर्नु यसको विशेषता देखिन्छ । बुझ्ने र भाषिक व्यवहारमा उतार्ने प्रयास भन्दा घोक्न लगाउने ध्येय यसले राखेको पाइन्छ । शिक्षणका सूत्रको अबलम्बन गर्नु र जीवनोपयोगी विषयलाई महत्व दिनुभन्दा बौद्धिक विकासको रचना यसले राख्छ । भाषाका विषयवस्तुको परस्पर सम्बद्धता र अन्तः श्रृङ्खलालाई अलग्याएर (पृथकिकृत गरी) प्रस्तुत गरिने भएको हुँदा परम्परागत स्तरणबाट शिक्षण सिकाइ जटिल र बोझिलो विषय बन्न पुगेको छ । अभ्यास र आवृत्तिलाई यसले महत्त्व नदिने भएको हुँदा  पनि विषयजन्य ज्ञान र भाषिक सीप सहज, सरल सुगम रुपमा प्राप्त हुन सक्दैनन् । साथै दोस्रो भाषाका विषयवस्तुहरुलाई व्याकरणानुवाद विधिका क्रमिक प्रक्रियामा अगाडि बढाएर लैजाने ध्येयमा आधारित देखिन्छ ।

यो पाठ्यवलीका एकाइ एक अर्काबीचको सम्बन्धबाट पृथक राखिन्छ । एक अर्काबीचको सम्बन्ध नहुने हुँदा आवृत्ति र अभ्यास पनि हुँदैन । जसले भाषाशिक्षणलाई जटिल, अवैज्ञानिक र असान्दर्भिक बनाउँछ ।

### २.४.३.४ व्याकरणात्मक स्तरण/संरचनात्मक स्तरण

यसलाई संरचनात्मक स्तरण पनि भन्न सकिन्छ । मूलतः व्याकरणिक विषयवस्तुमा आधारित अथवा संरचनात्मक पाठ्यक्रमसङ्ग सम्बन्धित विषयवस्तुको स्तरण प्रक्रिया व्याकरणात्मक स्तरणमा आधारित भएको पाइन्छ । यसमा सम्प्रेषणलाई भन्दा व्याकरणका नियम वा व्यवस्थामा जोड दिएर स्तरण गरिन्छ ( गौतम,२०६१ :१५४) । भाषाको संरचनात्मक पक्षमा बढ्दो जोड दिई विभिन्न आधुनिक व्याकरण सम्प्रदायले अघि सारेको सिद्धान्तहरुमा आधारित भई स्तरण गर्ने तरिकालाई व्याकरणात्मक स्तरण भनिन्छ (शर्मा र पौड्याल, पूर्वत्: ३३१) । व्याकरणात्मक नियम र व्यवस्थाको क्रमबद्ध प्रस्तुतिमा जोड दिइने भएकाले शब्दभण्डार सबलताका दृष्टिले यसप्रकारको स्तरण प्रायःकमजोर भएको मानिन्छ र व्याकरणात्मक दक्षता वृद्धि भए पनि प्रयुक्तिगत उपयुक्तता र सान्दर्भिक सम्प्रेषणका दृष्टिले समेत यस्तो स्तरण भाषा शिक्षणका लागि त्यति उपयुक्त मानिदैन ।

### २.४.३.५ प्रकार्यात्मक स्तरण

भाषा मानिसको विचार वा भावना सम्प्रेषण गर्ने माध्यम हो । विभिन्न ठाउँ परिस्थिति समय आदि अनुसार भाषाको प्रयोगमा भिन्नता हुन्छ । जस्तैः शुभकामना, समवेदना, अनुरोध, दया, माया, प्रेम, करुणा आदि । त्यस्तै साथी, भाइ, समाज विभिन्न जिम्मेवारी बहन गर्दाको अवस्थामा प्रयोग गरिने भाषा फरक हुन्छ । यही विभिन्न ठाउँ, परिस्थिति, समय अनुसार हुने भाषाको प्रयोगलाई भाषाको प्रकार्यात्मक स्तरण भनिन्छ (गौतम पूर्ववत् :१५५) । भाषाका विभिन्न कार्यहरुलाई छनोट गरी तिनको स्तर निर्धारण गर्ने कार्यलाई विषयवस्तुका रुपमा क्रमिक उन्नयन र विस्तार गर्दै भाषिक दक्षता र सबलता प्राप्त गराउने ध्ययेमा आधारित स्तरणलाई प्रकार्यात्मक स्तरण भनिन्छ । यो पनि मानव जीवनसँग सम्बन्धित छ । मानिसको हरेक क्षणमा यस्तो अवस्था आउँछ र अवस्था अनुसार भाषाको प्रयोग गर्नु पर्दछ । त्यसकारण दक्षताको विकास गराउने उद्देश्य भाषा पाठ्यक्रमले राखेको हुन्छ । अझ दोस्रो भाषाका रुपमा अध्ययन गर्ने विद्यार्थीलाई शिक्षण गर्नु आवश्यक हुन्छ ।

### २.४ ३.६ सम्प्रेषणात्मक स्तरण

कुनै भाषामा व्यक्त गरेका कुराहरू बुझ्न सक्नुलाई नै सम्प्रेषण भनिन्छ । यसलाई परिस्थितिजन्य स्तरण वा परिवेशजन्य स्तरणको नामले पनि

चिन्न सकिन्छ । ती भिन्न-भिन्न परिस्थिति र अवस्थालाई जनाउने भाषाको स्वरुप पनि भिन्न-भिन्न हुन्छ । वक्ता, बोद्धा, विषय, परिस्थिति र अवस्थाको आधारमा उत्पन्न हुने भाषाको भिन्न स्वरुपलाई ठम्याएर उपयुक्त र समुचित भाषिक प्रयोगको सामर्थ्य विकास गर्ने गरी निर्मित स्तरणलाई सम्प्रेणात्मक स्तरण भनिन्छ । विशेष गरी व्याकरण नियमका आधारमा भाषिक सीपको विकास गराउनुभन्दा सम्प्रेषण क्षमताको विकास गराउने उद्देश्य यसले राख्दछ । भाषा मानव जीवनको अति आवश्यकीय कुरा हो । भाषाविना मानव जीवनको कल्पना समेत पनि गर्न सकिदैन । भाषाको व्याकरणिक नियममा जानुभन्दा पहिला भाषाको सम्प्रेषण हुनुपर्छ । जसले पछि अभ्यासबाट व्याकरणका नियम पनि जान्दै जान्छ । भाषा शिक्षण गर्दा सम्प्रेषणलाई महत्व दिने गरी क्रममा राख्नु पनि स्तरणको एक प्रकार हो । यसमा सरलबाट जटिलतिर र प्रत्यक्षबाट अप्रत्यक्षतिर विधिको प्रयोग हुन्छ । भाषिक नियममा भन्दा पनि सन्दर्भपरक सम्प्रेषणमा विशेष जोड दिइन्छ (ऐजन : ३११) । समाज भाषिक सन्दर्भलाई जोड दिएर छनोट गरिएका विषयवस्तुलाई शैक्षणिक र मनोवैज्ञानिक सोंचले व्यवस्थित र सङ्ठित गरी सरलदेखि जटिल तथा प्रत्यक्षदेखि अप्रत्यक्षको क्रममा अनुक्रमित गर्ने किसिमको स्तरणलाई सम्प्रेषणात्मक स्तरण भनिन्छ ।

यो विशेषतः व्यावहारिक जीवनसँग सम्बन्धित रहन्छ । दैनिक जीवनका लागि आवश्यक पर्ने भाषा समय र सन्दर्भ अनुसार बुझ्नुपर्दछ । अहिलेको प्रतिस्पर्धाको समयमा यदि भाषिक दक्षता भएन भने मानिस पछाडि पर्छ । विशेषगरी दोस्रो भाषा शिक्षणका लागि र मा.वि.तह सम्मको कक्षाको लागि यो स्तरण उपयुक्त हुन्छ ।

## २.५ निष्कर्ष

पाठ्यक्रममा तोकिएको उद्देश्य परिपूर्ति गर्नेगरी पाठ्यवली रोज्नुलाई नै पाठ्यवलीको छनोट भनिन्छ । होचुवाको तालमा पाठ्यवली राखियो भने तोकिएको लक्ष्य वा उद्देश्य प्राप्त गर्न सकिँदैन । त्यसकारण पाठ्यवली छनोट त्यसै आधारमा गरिएको छ । छनोटको परिचय,आवश्यकता, छनोटका आधारहरु, छनोटको बाह्य आधार अन्तर्गत उद्देश्य, विद्यार्थीको तह वा स्तर, समयावधि, वातावरण , सिकारुको क्षमता आदि पर्दछन् भने छनोटको आन्तरिक आधार अन्तर्गत भाषिका, प्रयोजनपरक भेद, शैली, माध्यम र भाषातत्त्व पर्दछन् । त्यसैगरी स्तरणको प्रकारहरु पनि स्तरणका सैद्धान्तिक एवम् अपरिहार्य पक्ष हुन् ।

अन्ततः छनोट गरिएका पाठ्यवलीहरुलाई निश्चित क्रम मिलाएर राख्नुलाई पाठ्यवली स्तरण भनिन्छ । स्तरण गर्ने विभिन्न प्रकारहरु रहेका छन् तर सबैलाई उपयुक्त तथा मान्य भएका रेखीय, चक्रीय, परम्परागत व्याकरणात्मक, सम्प्रेषणात्मक, र प्रकार्यात्मक गरी जम्मा ६ प्रकारमा स्तरणलाई वर्गीकरण गर्न सकिन्छ ।

## परिच्छेद तीन

# छनोटका आधारमा 'सबैको नेपाली' पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको विश्लेषण

### ३.१ परिचय

पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणका क्रममा छनोट र स्तरणको अहम् भूमिका रहेको हुन्छ । पाठ्यक्रमले मागेका विषयवतु समावेश भएका विभिन्न कथाहरूलाई स्तरण गर्नु नितान्त आवश्यक छ । विद्यार्थीको उमेर, रूची, आवश्यकता तह आदिलाई ध्यानमा राखेर विषयवस्तु छान्ने कार्य छनोट हो भने स्तरणले के सिकाउने मात्र होइन कुन श्रृङ्खला तथा पूर्वाधारका सम्बन्धमा सिकाउने भन्ने कुराको सङ्केत गर्दछ ।

वर्तमान उच्च माध्यमिक तह कक्षा एघारको **सबैको नेपाली** पाठ्यपुस्तकमा समाविष्ट कथा विधाहरूको शिक्षण अपरिहार्य देखिन्छ । कथा विधाका अध्ययन विद्यार्थीहरूमा मनोरञ्जनात्मकता, संवेदात्मकता, बोधपक्ष, कथा लेखन आदि सीपको विकासका लागि पनि महत्वपूर्ण मानिन्छ । कथा विधा पाठ्यक्रमले निर्देशन गरेका आधारमा कक्षा एघारमा जम्मा पाँच ओटा मात्र कथाहरु समावेश गरिएको छ । जुन कथाहरु छनोट र स्तरणका आधारमा उपयुक्त छन् वा छैनन् भन्ने विषयमाथि प्रकाश गरिएको छ । कथाहरूलाई क्रमशः तालिकाका माध्यमबाट प्रष्ट पार्न सकिन्छ । वर्तमान उच्च माध्यमिक तह कक्षा एघारको **सबैको नेपाली** पाठ्यपुस्तकमा समेटिएका कथा विधाहरूको छनोटको स्थितिलाई निम्नानुसार स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं. १**

| | निर्देशित क्षेत्र | पाठहरू | समेटिएको क्षेत्र |
|---|---|---|---|
| १ | सामाजिक कथा | 'छिमेकी' | आधुनिक /सामाजिक कथा |
| २ | बाल मनोवैज्ञानिक कथा | 'मधुमालतीको कथा' | आधुनिक बाल मनोवैज्ञानिक कथा |
| ३ | सामाजिक कथा | 'रातभरि हुरी चल्यो' | आधुनिक सामाजिक कथा |
| ४ | मनोवैज्ञानिक कथा | 'शत्रु' | आधुनिक मनोवैज्ञानिक कथा |
| ५ | मनोवैज्ञानिक कथा | 'हारजित' | आधुनिक समाज मनोवैज्ञानिक कथा |

**स्रोतः उच्च माध्यमिक शिक्षा पाठ्यक्रम, २०६७**

माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने उच्च माध्यमिक तहको भाषा पाठ्यक्रमले अपेक्षा गरेको कथा विधाका दुई ओटा क्षेत्रहरूको प्रतिनिधित्व कक्षा

एघारको **सबैको नेपाली** पाठ्यपुस्तकमा समेटिएका पाँचओटा कथाले गरेका छन् । यसरी सबै क्षेत्रको प्रतिनिधित्व हुन नसक्नुले विधा छनोटमा सचेतना नअपनाइएको प्रमाणित हुन्छ । सबै क्षेत्रलाई समेट्न सक्ने कथाहरू राख्नु उचित हुन्छ । सीमित क्षेत्रगत प्रतिनिधित्व हुँदैमा पाठहरु उपयुक्त र उपयोगी छन् भनेर निष्कर्ष निकाल्न सकिँदैन । कथाहरू छनोट र स्तरणका आधारमा उपयुक्त छन् वा छैनन् विश्लेषण गरेर हेनुपर्ने हुन्छ । छनोट र स्तरणका आधारमा माथिका कथाहरू उपयुक्त छन् वा छैनन् भन्ने कुरालाई निम्नानुसार विश्लेषण गरेर हेर्न सकिन्छ ।

**३.२ छनोटका आधारमा 'छिमेकी' कथाको विश्लेषण**

गुरुप्रसाद मैनाली (वि.सं.१९५७-२०२८) आदर्शोन्मुख, सामाजिक यथार्थवादी कथाकार हुन् । आधुनिक नेपाली कथा इतिहासका निर्माता मानिने मैनाली संस्कृत शिक्षा र हिन्दी साहित्यकार प्रेमचन्द्रको प्रभावमा आदर्शवादतर्फ प्रवृत्त भएका हुन् । दैवी शक्तिमा विश्वास राख्दै, नैतिकता र कर्मको अमरता गाउनु र निमुखा गरिवको सधैं जित हुन्छ भन्ने मानवतावादी विचार व्यक्त गर्नु मैनालीको कथाकारिताको मूल आदर्श हो । उनका कथाहरू यथार्थ भूमिका जन्मन्छन् र उत्तरार्धमा आदर्शमय भएर टुङ्गिन्छन् । मैनालीका कथामा यथार्थवादी आदर्श पाइन्छ । यसका अतिरिक्त ग्रामीण समाजका कुशल शब्दचित्रकार, विषयवस्तुमा सामाजिकता, शैलीमा यथार्थता, विचारमा आदर्शवादिता, पात्र चयनमा सजीवता र चिन्तनमा अधुनिकता हुनु पनि मैनालीको कथागत विशेषता हो । यसरी सामाजिक सचेतता, सुबोध, बौद्धिकता, सुधारवादी दृष्टिकोण, आदर्शवादी चिन्तन, स्वजात, स्वसंस्कृति र स्वराष्ट्रप्रति मोह, सरल भाषा, सहज प्रस्तुति, सवल सम्प्रेषण एवम् कारुणिकता र सारवस्तुता कथाकार मैनालीका कथागत विशेषता हुन् । (ज्ञवली र भट्टराई, २०६४:२९५)

कुनै पनि विषयवस्तुको छनोट पाठ्यक्रममा तोकिएका उद्देश्य पूर्तिका लागि गरिन्छ । त्यसैगरी यस कथाको छनोट पनि कक्षा एघारको अनिवार्य नेपाली विषयको पाठ्यक्रममा तोकिएका विशेष गरी चार ओटा सीप विकासका लागि कथा छनोट गरिएको हो । कुनै पनि कक्षा वा तहमा पढ्ने विद्यार्थीको एक निश्चित उमेर समूह हुन्छ । बढी कम उमेका विद्यार्थी अपवादको रुपमा मात्र हुन सक्छन् । छनोटको वाह्य आधारको रुपमा विश्लेषण गर्दा यस कथाको प्रयोजन वा उद्देश्य सामाजिक जिम्मेवारी, आदर्श, सामाजिक समझदारी वा सामाजिक समस्या देखाउनु नै हो । छिमेकी मूलतः सुखदःखका साथी हुन् । जिउँदाका जन्ती र मर्दाका मलामी

हुन् । ढुङ्गाको भर माटो र माटोको भर ढुङ्गा भने झैं छिमेकमा परस्पर असल सम्बन्ध विस्तार गर्नुपर्छ र सामाजिक असमझदारीको अन्त्य गरी आदर्श समाजको स्थापना गर्नुपर्छ भन्ने सन्देश दिनु पनि यस कथाको प्रमुख उद्देश्य हो ।

विद्यार्थीको तह वा स्तरका दृष्टिले भने यो कथा त्यति सवल नरहेको प्रतीत हुन्छ । नेपाली ग्रामीण जनजीवनको चित्रण गर्दै आदर्श छिमेकीको परिचय दिइ छिमेकी जिउँदाका जन्ती र मर्दाका मलामी हुन् भन्ने उच्चतम आदर्शलाई कथाले पोखेको छ । यसरी हेर्दा उद्देश्य र परिवेशका दृष्टिले भने कथा अत्यन्त सवल छ तर भाषिक सीपका दृष्टिले कथा दुर्वल रहेको महशुस हुन्छ । प्राकृतिक लोकभाषाको अधिकतम् उपयोग गरी सामाजिक भाषिक स्तरलाई झल्काउने प्रयास गरे पनि आजको विज्ञान र प्रविधिको युगमा प्राकृत लोकभाषाको प्रयोग अवान्छनीय देखिन्छ । उच्च माध्यमिक तहका विद्यार्थीहरूको लागि पनि वौद्धिकताका दृष्टिले फितलो भएको महशुस हुन्छ ।

सामयावधिका दृष्टिले **छिमेकी** कथा १५/२० मिनेट भित्रै पढिसकिने खालको छ । कथाको सैद्धान्तिक आधारले यो समयावधि ठीक मान्नु पर्छ तर पाठ्यक्रमको प्रकृति, विद्यालयको प्रकृति र सिकारुको पूर्व क्षतालाई त्यति ध्यान दिएर कथा राखिएको जस्तो लाग्दैन ।

छनोटको आन्तरिक आधारबाट विश्लेषण गर्ने हो भने प्राकृत लोकभाषाको प्रयोग हुनु थोरै दुर्वल पक्ष देखिन्छ भने प्रयोजनपरक भेदका दृष्टिले भने सवल नै देखिन्छ ग्रामीण जनजीवनको वातावरणमा त्यस्तै भाषाको प्रयोग गर्नु सवल पक्ष हो । शैलीगत आधारमा यो कथा सरल, सहज भाषाशैलीमा संरचित छ । उखानटुक्का मिश्रित भाषाको प्रयोग गर्नु र कथ्य विषयसङ्ग शीर्षकको सम्बन्ध स्थापित गर्नु पनि सवल पक्ष हो । भाषा तत्त्वगत तवरले भने यो कथामा व्याकरणसम्वत भाषाको प्रयोग भएको छैन । कथ्य भाषाको शैलीलाई अपनाइएको हुँदा भाषातत्त्वगत विशेषता त्यति नरहेको कथा मान्न सकिन्छ ।

कथाको प्रस्तुति सुरुदेखि नै कौतुहलता जागृत गराउने खालको भएको हुनाले श्रृङ्खलावद्ध र स्पष्ट बुझ्न सकिने ढाँचाको छ भन्न सकिन्छ । समग्रतः यो कथामा छनोटमा केही कमजोरी देखिएता पनि समग्रतामा हेर्दा, सरल कौतुहलता र आंशिक करुणा समेत उत्पन्न गराउने खालको भएकोले छनोटको सिद्धान्तका आधारमा छ भन्न सकिन्छ ।

### ३.३ छनोटका आधारमा 'मधुमालतीको कथा' कथाको विश्लेषण

रामेश्वर शर्मा चालीसेको साहित्यिक नाम हो, रमेश विकल । मूल तः विकल सामाजको वर्गीय असमानता, शोषण र आत्याचारको विरोध गर्ने प्रगतिवादी कथाकार हुन् । आर्थिक विसामताले उत्पन्न गरेको सामाजिक समस्या नै उनका कथाका मूल विषय हुन् । उनका कथाहरूमा समाजको यथार्थतालाई वस्तुवादी ढङ्गले विश्लेषण गरिएको हुन्छ र मार्क्सवादी सौन्दर्यशास्त्रको आलोकमा ढालिएको हुन्छ । यौन कुण्ठाको प्रवलता एवम् बालमनको जिज्ञासुपन पनि उनको कथाका मूल स्रोत हुन् । निम्न, निम्नमध्यम र मध्यमवर्गीय जीवनको सूक्ष्म निरीक्षण गरी समाजवादी, यथार्थको उद्घाटन गर्नु उनको मुख्य विशेषता हो । यसरी सामाजिक असमानता, विकृतिप्रति व्यङ्ग्य विद्रोह, सामन्ती थिचोमिचोप्रति आक्रोश, व्यक्ति मानसिकताका विविध पक्षको मनोवैज्ञानिक चिराफार, मान्छेका कारूणिक पक्षको चित्रण, प्रगतिवादी दृष्टिकोण, भाषिक सरलता, शैलीगत प्रौढता भावमा मानवतावाद र उद्देश्यमा समाजसुधार उनका मूख्य कथाप्रवृत्तिहरू हुन् । (पूर्ववत्, २०६४:३२९)

मूल तः छनोट भन्नाले विद्यार्थीको उमेर, तह, भाषिक पृष्ठभूमि, सिकाइप्रवृत्ति, क्षमता, रूचिपूर्णता, निर्धारित उद्देश्य, प्राप्त समय आदि जस्ता शैक्षिक तथा मनोवैज्ञानिक पक्षहरूलाई समेत ख्याल गरेर सोही अनुसार सुहाउँदा र बुझिँदा उपयुक्त, प्रभावकारी र अभ्यासमूलक भाषिक सामग्रीहरू रोज्नु, निर्धारण गर्नु चयन गर्नुलाई बुझिन्छ । छनोटको वाह्य आधारबाट **'मधुमालतीको कथा'** कथाको मूल्याङ्कन गर्ने हो भने बालमनको विश्लेषणका आधारमा समाजको यथार्थ विश्लेषण गर्न धनी र गरिवका बीचको भेदभाव, असमानता र गहिरो वर्गीय खाडललाई देखाइ सामन्ती व्यवस्थाप्रति कटु व्यङ्ग्य गर्नु यस कथाको प्रयोजन वा उद्देश्य हो । एकातिर बाल मनोविज्ञान र अर्कातिर समाज मनोविज्ञानलाई देखाउनु यस कथाको सारभूत पक्ष हो । उद्देश्यका दृष्टिले यो कथा सशक्त नै छ ।

विद्यार्थीको तह वा स्तरका दृष्टिले भने यो कथा दुर्वल रहेको प्रतीत हुन्छ । बाल भाषा र संवादले स्वाभाविकतालाई त्याग्न खोजेको अनुभूत हुन्छ भने कथालाई पौराणिक **'मधुमालतीको कथा'** कथासङ्ग जोडेर प्रतीकात्मक बनाउनु कक्षा एघारका विद्यार्थीको लागि स्तरभन्दा माथि रहेको प्रतीत हुन्छ । बहुप्रचलित

मिथकहरूलाई पुष्टि गर्ने अभिष्ट लक्ष्य कथाको नरहे पनि विद्यार्थीको स्तरणभन्दा माथि रहेको अनुभव हुन्छ ।

समयावधिका दृष्टिले यो कथा बीस मिनेटसम्ममा पढेर सिध्याइने खालको छ । यसरी हेर्दा कथाको परिधिभित्र रहेको मान्न सकिन्छ । समयावधिका दृष्टिले यो कथा सवल नै छ ।

छनोटको आन्तरिक आधारका दृष्टिले मूल्याङ्कन गर्ने हो भने यो कथामा पात्रानुकूल भाषिक प्रयोग भएको छ । विशेष तः भौगोलिक र सामाजिक विविधताका कारणले विभिन्न क्षेत्रीय तथा सामाजिक भाषिकाको जन्म भएको हुन्छ । यस कथामा पनि बालसुलभ भाषिक प्रयोग भएको देखिन्छ । त्यसैगरी ज्ञान विज्ञानका विभिन्न क्षेत्रसङ्ग सम्बन्धित भाषिक प्रयोग नै प्रयोजनपरक भेद हो । प्रस्तुत कथा विशुद्ध बाल मनोविज्ञानमा आधारित प्रयोगधर्मी कथा भएको र शीर्षक र कथाको सन्दर्भअनुकूल शीर्षक रहेकोले प्रयोजनपरक भेदका दृष्टिले सवल नै मान्नु पर्छ ।

शैलीगत पक्षबाट विश्लेषण गर्ने हो भने यो कथा सरल, सहज र सुवोध नै मान्न सकिन्छ । आत्मपरक वा संस्मरणात्मक शैलीमा लेखिएको यो कथा रैखिक ढाँचामा अघि वढेपनि बाल भाषा र संवादले स्वाभाविकतालाई त्याग्न खोजेको अनुभव हुन्छ । विम्व, प्रतीक र अलङ्कारको प्रयोग, प्रथम पुरूष दृष्टिविन्दु र मिथकहरूको प्रयोगले कथामा आकर्षण थपेको छ भने कथामा प्रयुक्त संवादात्मक शैलीले कौतुहलता र रोचकता थपेको छ । औसतमा भाषाशैलीगत पक्ष आकर्षक र सवल नै छ । कक्षा एघारका विद्यार्थीहरूको लागि यस्तो भाषाशैलीको छनोट अनुकूल नै देखिन्छ ।

**'मधुमालतीको कथा'** कथालाई माध्यमका आधारमा विश्लेषण गर्ने हो भने पात्रानुकूल भाषिक छनोट गरिएको छ । गौरी र शंकर जस्ता बालपात्रहरूले प्रयोगर्ने भाषा मूलतः कथ्य भाषामै छन् । अन्य पात्रहरूका कतिपय संवादात्मक प्रस्तुतिमा पनि कथ्य भाषालाई प्रश्रय दिइएको पाइन्छ । कक्षा एघारका विद्यार्थीहरूका लागि यस कथाको माध्यम पनि अनुकूल नै देखिन्छ ।

भाषातत्त्वगत दृष्टिले हेर्ने हो भने वर्ण, व्याकरण र शब्दभण्डारलाई यस कथाले पूर्णतः बेवास्था गरेको भन्न सकिँदैन । कतिपय वर्ण, शब्द र उखानटुक्काहरू एवम् पदावली र अक्षरहरू आंशिक मात्र दोहोरिएका छन् । भाषातत्त्वका कुराहरू

जति बढी मात्रमा दोहोरिन्छन् त्यति नै बढी प्रभावकारी हुन्छ भन्ने मान्यता आवृत्तिमा रहने हुनाले त्यति बढी दोहोरिन नसकेको अनुभव गर्न सकिन्छ भने विस्तरणमा पनि कथाले त्यति ध्यान दिएको जस्तो लाग्दैन । त्यसैगरी व्यापानका दृष्टिले भने यो कथा अति कमजोर रहेको मान्न सकिन्छ । पैराणिक **'मधुमालतीको कथा'** कथासङ्ग प्रतीकात्मक बनाउँदा विद्यार्थीहरू बोधबाट पर रहने सम्भावना देखिन्छ । पौराणिक कथा नै नपढेको विद्यार्थीले कथाको विषयवस्तु नै बुझ्न सक्तैन । कथालाई प्रतीकात्मक नबनाएर गौरी र शंकरको कथामै सीमित राखेको भए कथा विशुद्ध मौलिक, विद्यार्थीको स्तर अनुकूल बन्न सक्थ्यो, त्यसैले भाषातत्त्वगत दृष्टिले यो कथा सवल नै देखिए पनि व्यापनका दृष्टिले कमजोर रहेको प्रतीत हुन्छ ।

मनोवैज्ञानिक एवम् शैक्षणिक आधारका दृष्टिले पनि यो कथा कक्षा एघारका विद्यार्थीहरूको उमेर र स्तर भन्दा माथि उठेको महसुस हुन्छ । कथा पढ्दा कौतुहलता, मनोरञ्जनात्मकता एवम् कारूणिकता जागृत गराउने पक्ष सवल नै रहे पनि विद्यार्थीको उमेर र स्तरका दृष्टिले पौराणिक **'मधुमालतीको कथा'** सङ्ग जोडेर प्रतीकात्मक बनाउँदा केही जटिलताको अनुभव गर्न सकिन्छ ।

**३.४ छनोटका आधारमा 'रातभरि हुरी चल्यो' कथाको विश्लेषण**

मूल तः इन्द्रबहादुर राई नेपाल बाहिर प्रवासी क्षेत्रबाट नेपाली साहित्यको सेवा गर्ने साहित्यकार हुन् । यिनका प्रथम चरणका **विपना कतिपय** सङ्ग्रहभित्रका कथामा सामाजिक यथार्थवादी प्रवृत्ति पाइन्छ भने आयामको खोजी गर्ने काम यिनले गरेका छन् । पछि **कठमुतलीको मन** कथासङ्ग्रहभित्रका कथाले लीलालेखनको नवीन प्रवृत्ति आत्मसात् गर्न पुग्छन् । मुख्यतः राई सामाजिक यथार्थवादी कथाकार हुन् । नेपाल भारत र वर्मासम्मका नेपाली समाजले भोग्नु परेका अप्ठ्यारा दुःख, पीडा र विषमतायुक्त अवस्थाको चित्रण यिनका कथामा पाइन्छ । निम्नवर्गीय जीवन, आर्थिक विपन्नता, सामाजिक, प्रतिष्ठा, सङ्कीर्णता जस्ता समस्यालाई यिनले आफ्नो कथाको विषय बनाएका छन् । यसरी प्रयोशीलता, सामाजिक यथार्थवाद, आयामेली चिन्तन र लीलालेखनतिर प्रवृत्त, जीवनको सम्पूर्णता र जीवन विषयक सत्यको गहिरो अध्ययन, विषयवस्तुको प्रस्तुतीकरण र पात्रविधानमा अमूर्त चित्रकारिताको छाप, परम्परामुक्त कथावस्तु र दृष्टिविन्दुको प्रयोग, युगले खेपेका विसङ्गति मानवीय सन्त्रास, अर्थहीनता र पराजित नियतिको चित्रण एवम् अनेक

विम्ब र प्रतीकहरूको रोचक प्रयोग गर्दै परम्परालाई नयाँ कलेबरमा प्रस्तुत गर्नु राइको कथागत प्रवृत्ति हो ।

**रातभरि हुरी चल्यो** कथा कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकमा पाठ दशमा रहेको छ । छनोटको बाह्य आधारका रुपमा विश्लेषण गर्दा यो कथा प्रयोजन वा उद्देश्यका दृष्टिले अत्यन्त सरल देखिन्छ । विपत्तिबाट भाग्नु समस्याको समाधान होइन त्यसको प्रतिकार गर्नु नै जीवनको आधार हो भन्ने सन्देश यो कथाले दिएको छ । सङ्घर्षबाटै मानव जीवनले नयाँ अनुभव प्राप्त गर्छ, बाँच्ने आधार भेटाउँछ र मानव जीवनको पूर्णता प्राप्त गर्छ । आपत्-विपत् जीवनका उर्जा हुन् भन्दै निम्नवर्गीय प्रवासी नेपालीहरूको सङ्घर्षपूर्ण जीवनलाई कारूणिक रूपमा प्रस्तुत गरी आशावादी स्वर भर्नु यस कथाको मुख्य उद्देश्य हो । (लुइटेल र अन्य, २०६७:१६३) यसरी हेर्दा कक्षा एघारका विद्यार्थीहरूको उमेर तह र रूचि अनुकूल छनोट गरिएको प्रतीत हुन्छ ।

विद्यार्थीको तह वा स्तरका दृष्टिले भने यो कथा सवल वा उपयुक्त नै मान्नु पर्छ । राइका अन्य कथाहरूको तुलनामा यो कथा अत्यन्त सरल, सहज एवम् सुबोध रहेको छ । लीलालेखन र विसङ्गतिवादी चिन्तनबाट मुक्त रहेको यो कथा विशुद्ध सामाजिक यथार्थवादमा निहित छ । प्रकृतिमा जसरी दिन र रात छन् त्यसैगरी जीवनमा पनि सुख र दुःखको उहापोह भइरहन्छ भन्ने यथार्थ जीवन सत्यको उद्घाटन यस कथाले गरेको छ तर दैवी विपत्ति भन्ने कुरा प्रवासमा मात्रै होइन जहाँ सुकै पनि लाग्न सक्छ । कथामा चरित्र भन्दा घटनाले बढी प्रश्रय पाएको छ जसको कारण चारित्रिक आदर्श थिचिएको अनुभव हुन्छ । आयामेली चिन्तनमा वद्ध रहेर जीवनको सम्पूर्णता र जीवन विषयक सत्यको गहिरो अध्ययन गर्न खोज्नु परम्परामुक्त कथावस्तु र दृष्टिविन्दुको प्रयोग गरी कथालाई आयामिक बनाउन खोज्नुजस्ता पक्षले कथानक विद्यार्थीको स्तर र भाषिक सीपका दृष्टिले कमजोर मान्न सकिन्छ ।

समयावधिका दृष्टिले भने कथा २०/२५ मिनेटभित्रै वा एक वसाइमै पढिसकिने खालको देखिन्छ । यसरी समयावधिका दृष्टिले भने कथा सवल नै मान्नु पर्छ । पाठ्यक्रमको प्रकृति, विद्यालयको प्रकृति र सिकारूको पूर्व ज्ञान वा क्षतालाई मध्यनजर गरी पाठ्यवस्तुको छनोट गर्नुपर्ने देखिन्छ । ९ र १० कक्षामा रहेका कथाहरू आयामेली चिन्तनसङ्ग सम्बन्धित रहेका छैनन् तर कक्षा एघारमा हठात

आयामेली चिन्तनयुक्त कथा राख्दा विद्यार्थीको स्तर अनुकूल वा पूर्व ज्ञान वा क्षमता अनुकूल नरहेको अनुमान गर्न सकिन्छ ।

छनोटको आन्तरिक आधारका दृष्टिले मूल्याङ्कन गर्दा **रातभरि हुरी चल्यो** कथामा प्रवासी नेपाली जनजीवनका समस्या र त्यहीँको स्थानीयताको छाप स्पष्ट देख्न सकिन्छ । मूलतः आयामेली चिन्तनबाट मुक्त हुन नसकेकोले जीवनको वस्तुता र सम्पूर्णताको अध्ययन गर्ने सन्दर्भको भाषिकाको प्रयोग भएको छ भने प्रयोजनपरक भेदका दृष्टिले पनि यो कथा शसक्त नै भएर उभिएको छ । साहित्यिक ज्ञानका अतिरिक्त सामाजिक यथार्थको बोध विद्यार्थीहरूलाई गराएको छ । यसरी हेर्दा कक्षा एघारका विद्यार्थीको भाषिक सुझ अनुरूप नै छनोट गरिएको भन्न सकिन्छ । शैलीका दृष्टिमा दार्जिलिङ्को क्षेत्रीय भाषिकाको प्रभाव एवम् छिटो छरितो र स्वभाविक संवाद राखी कथाको भाषामा आञ्चलिकता प्रदान गर्न खोजिएको छ । भाषामा वौद्धिक, दार्शनिक र आडम्बर छैन । आदि, मध्य र अन्त्यको कथावस्तुले कथाको शैलीलाई सङ्गठित तुल्याएको छ । कतै-कतै पूर्वस्मृति पाइए पनि समग्रमा कथा रैखिक ढाँचामा अगाडि बढेकोले कक्षा एघारका विद्यार्थीहरूको उमेर र स्तर अनुकूल छनोट भएको मान्न सकिन्छ ।

भषाको अभिव्यक्ति लिखित र मौखिक गरी दुई प्रकारबाट गर्न सकिन्छ भाषिक विषयवस्तुको छनोट गर्दा लिखित वा मौखिक कुन माध्यमलाई आधार बनाएर गर्ने भन्ने कुरा ज्यादै महत्वपूर्ण कुरा हो । **रातभरि हुरी चल्यो** कथामा आंशिक रूपमा मौखिक अभिव्यक्ति पनि फेला पार्न सकिन्छ । भने परम्परामुक्त शैलीलाई अपनाउने सन्दर्भमा लिखित अभिव्यक्ति केही जटिल भएको प्रतीत हुन्छ । भने भाषातत्त्वगत आधारमा विश्लेषण गर्दा वर्ण, शब्द, पदावली, अक्षर आदि जस्ता पक्षहरूको आवृत्ति गरिएको छ भने व्यापान वा वाँडफाँडका दृष्टिले समानता भएको पाइँदैन । प्राप्यताका दृष्टिले पनि कथा सवल नै छ । मनोवैज्ञानिक एवम् शैक्षिणिक आधारका दृष्टिमा यो कथाले माथिल्ला तहका कक्षामा रहेका कथाहरूलाई बुझ्न पृष्ठभूमिको काम गर्दछ । त्यसैले मनोवैज्ञानिक शैक्षणिक दृष्टिले यो कथा उपयुक्त नै देखिन्छ ।

### ३.५ छनोटका आधारमा 'शत्रु' कथाको विश्लेषण

मूल तः विश्वेश्वरप्रसाद कोइराला आधुनिक नेपाली कथाका प्रसिद्ध मनोवैज्ञानिक यथार्थवादी कथाकार हुन् । सामाजिक यथार्थलाई मनोवैज्ञानिक

यथार्थसङ्ग समन्वय गर्दै गम्भीर विषयलाई सरल र प्रभावकारी शैलीमा प्रस्तुत गर्ने कोइराला नेपाली कथाको सिङ्गो मनोवैज्ञानिक संसारका प्रथम प्रष्टा र प्रयोक्ता हुन् । फ्रायडीय मनोविश्लेषणवादी शैलीलाई नेपाली साहित्यमा भित्र्याइ पात्रका मनस्थितिको चित्रण गर्दै यौन समस्या तथा सामाजिक विकृतिप्रति व्याङ्ग्य गर्ने गर्दछन् कोइरालाले । यौन मूलक, यौनेत्तर र बालमनोविश्लेषणलाई आधार मानेर लेखिएका यिनका कथाहरूले मनोग्रन्थिकै चिराफार गरेका छन् । यौन आतृप्ति, अविवाहित कुण्ठा, दमित यौन चाहना, उच्चता हीनताग्रन्थि आदि समस्याले यौन विकृतिलाई छर्लङ्ग पार्दछन् । यसरी मानवीय मनोदशाको शल्यक्रिया, पात्रका चेतन, अर्धचेतन र अचेतन मनबीच अर्न्तसम्बन्ध झीनो कथावस्तु, मानसिक द्वन्द्व घातप्रतिघातको चित्रण, मानव मनोवृत्तिको समाजसापेक्ष विश्लेषण, पूर्ण गद्यभाषा र अखवारी शैलीको प्रयोग, अर्न्तमुखी र बर्हिमुखी पात्रको प्रयोग कथाकार कोइरालाका कथागत प्रवृत्तिहरू हुन् । (पूर्ववत्, २०६७:२११)

**शत्रु** कथा कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकमा पाठ १३ मा समावेश गरिएको छ । पाश्चात्य फ्रायडीय मनोविश्लेषणात्मक शैलीलाई नेपाली साहित्यमा भित्र्याएका सिद्धहस्त कथाकार कोइरालाले आफ्ना कथामा मानवीय मनोदशाको शल्यक्रिया गरेर चारित्रिक पक्षलाई सवल बनाएका छन् । प्रयोजन वा उद्देश्यका दृष्टिले शत्रु कथा सशक्त नै रहेको छ । मानिस शत्रु बिहीन हुँदैन भन्ने वास्तविक यथार्थको प्रस्तुति दिनु नै यस कथाको मूल उद्देश्य हो । अनि सेतो वस्तुमा धेरै दागहरू देखिने सम्भावनाहरू भए झैँ कृष्ण रायको कल्पित स्वच्छ व्यक्तित्वले मित्र भन्दा शत्रु नै वढाएको तीतो सत्यको उजागर कथाले गरेको छ । मूल तः संसार इर्श्याको पोको हो, आदर्शले सधै सबै तिरबाट सम्मान पाउनै पर्छ भन्ने केही छैन । सत्य जतिसुकै प्रशंसनीय र हितकारी कुरा भए पनि त्यसको तीतोपनले गर्दा सत्यको जीत नहुन पनि सक्छ भन्ने वास्तविकताको उद्घाटन यस कथाले गरेको छ । यसरी हेर्दा प्रयोजन वा उद्देश्यका दृष्टिले यो कथा कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकमा समावेश गर्नु उपयुक्त नै देखिन्छ ।

विद्यार्थीको तह वा स्तरका दृष्टिले **शत्रु** कथा सवल नै रहेको प्रतीत हुन्छ । उद्देश्य र चारित्रिक पक्ष सशक्त नै रहे पनि घटनाको पक्ष कमजोर दखिन्छ । अखवारी शैलीको प्रयोले कथालाई बढी सूचात्मक बनाएको अनुभव गर्न सकिन्छ । विषयवस्तु र घटनाको संयोजन र पात्रहरूको समूचित चयन राम्रो भए पनि मानक

भाषाको प्रयोगले कथालाई केही जटिल बनाएको छ । कथाको अन्य पक्ष सवल नै रहे पनि मानक भाषिक प्रयोगले कक्षा एघारका विद्यार्थीहरूको तह वा स्तरअनुरूप कथा छनोट नगरिएको हो कि ? भन्ने अनुमान गर्न सकिन्छ ।

समयावधिका दृष्टिले भने **शत्रु** कथा लघु आयामकै देखिन्छ । १०/१२ मिनेटभित्रै पढिसकिने यो कथा समायावधिका दृष्टिले अत्यन्त सशक्त मान्नु पर्दछ । लघुआयामको कथाबाट पनि गहन उद्देश्य र सन्देश प्राप्त गर्न सकिने खालको शत्रु कथा कक्षा एघारका विद्यार्थीको स्तर अनुरूप नै छनोट गरिएको अनुमान गर्न सकिन्छ । यसका अतिरिक्त पाठ्यक्रमको प्रकृति, विद्यालयको प्रकृति र सिकारूको पूर्व ज्ञान वा क्षमतालाई ध्यानमा राखेर यो कथा छनोट गरिएको छ । कक्षा नौ मा देवकुमारी थापाद्वारा लिखित **दोषी चस्मा** कथा राखिएको छ जुन कथाले पनि मनोवैज्ञानिक क्षेत्रको प्रतिनिधित्व गरेको छ । यसरी हेर्दा सिकारूले पहिले नै सिकिसकेका कुराहरूलाई चक्रीय क्रममा राखेको हुँदा **शत्रु** कथा पनि कक्षा एघारका विद्यार्थीको लागि उपयुक्त नै मान्नु पर्छ ।

त्यसैगरी छनोटको आन्तरिक आधारमा **शत्रु** कथाको विश्लेषण गर्नुपर्दा यो कथामा पर्य्राप्त मात्रामा मानक भाषाको प्रयोग भएको पाइन्छ । मानक भाषिकाभित्र शिक्षा, सञ्चार, प्रशासनिक कार्यको माध्यम, कानुनी उपचारको माध्यम औपचारिक सम्प्रेषणको माध्यम, सम्प्रेषणको माध्यम जस्ता पक्षहरू पर्दछन् । यस्तो मानक भाषाको प्रयोगले विद्यार्थीमा सिकाइगत जटिलताहरू देखापर्न सक्छन् । त्यसैले यो कथा भाषिकागत छनोटका दृष्टिले दुर्बल रहेको प्रतीत हुन्छ । त्यसैगरी भाषा पाठ्यक्रमको मूल अभिप्राय प्रयोजनपरक विभिन्न विषयक्षेत्रको दक्षता हासिल गराउनु हो । यस कथाले मनोवैज्ञानिक क्षेत्रको प्रतिनिधित्व गरेको हुँदा त्यही पक्षसङ्ग सम्बन्धित ज्ञान दिने लक्ष्य यस कथाले राखेको छ । शैलीगत दृष्टिले **शत्रु** कथामा समग्र तः सरल र स्वभाविक भाषाको प्रयोग भएको मान्न सकिन्छ । केही टुक्का एवम् कथ्य जस्तो भाषाको आंशिक प्रयोगले कथा अझ रोचक बनेको छ । **शत्रु** किन र कसरी हुन्छन् भन्ने कुरालाई प्रमाणित गर्न कथाको अन्त्यमा तार्किक शैलीको प्रयोग गरिएको छ । विषयवस्तु र घटनाको संयोजन, पात्रहरूको समूचित चयन, मानक भाषाको प्रयोग भएको **शत्रु** कथा रहस्यपूर्ण भएर पनि सरल, प्रतीकात्मक भएर पनि सुवोध, मनोवैज्ञानिक भएर पनि यथार्थ र वैयक्तिक भएर पनि सामाजिक बन्न पुगेको छ । समग्रमा सरल भाषा शैलीको माध्यमबाट कथाले

कलात्मक उचाइ प्राप्त गरेको मान्न सकिन्छ । जुन कक्षा एघारका विद्यार्थीहरूको पाठ्यक्रममा पाठ्यवस्तुको रूपमा छनोट गर्नु उपयुक्त नै देखिन्छ ।

छनोटको अर्को आन्तरिक आधार हो माध्यम । **शत्रु** कथामा आंशिक रूपमा टुक्कामिश्रित कथा भाषिक माध्यम पनि प्राप्त गर्न सकिन्छ । जसले कथालाई रोचकता थपेको अनुभव हुन्छ । लेख्य अभिव्यक्तिमा मात्रै नभएर कथा अभिव्यक्तिमा पनि निपूर्णता ल्याउने उद्देश्य कथा भाषाको प्रयोगले राख्ने हुँदा **शत्रु** कथा छनोटगत दृष्टिले कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकमा समावेश गर्नु उपयुक्त नै देखिन्छ । यसैगरी भाषातत्वगत दृष्टिले भने कथा केही कमजोर प्रतीत हुन्छ । वर्ण, शब्द, पदावली, अक्षर उखानटुक्का आदिको आवृत्तिले विद्यार्थीको बोध पक्षलाई सवल बनाउँछ तर **शत्रु** कथामा आवृत्ति कमैमात्र भएको देखिन्छ । विस्तरण वा सबै भाषातत्त्वहरूको वाँडफाँड समानुपातिक ढङ्गमा हुन नसेकोले पनि भाषातत्वगत दृष्टिले कथा कमजोर देखिन्छ । समाजमा सुनेका तथा अनुभव गरेका शब्दहरूका आधारमा पाठ्यवस्तुको छनोट गर्नु प्राप्यता हो । सामाजिक भन्दा पनि कथाले मनोवैज्ञानिक क्षेत्रको प्रतिनिधित्व गरेको हुँदा प्रात्यताका दृष्टिले कमजोर प्रतीत हुन्छ । व्यापान तथा व्यापकताका दृष्टिले पनि कथा सवल नै छ । लघु आयामको कथा हुँदाहुँदै पनि बृहत् उद्देश्य र सन्देश दिन सक्नु व्यापानको उदाहरण हो । मनोवैज्ञानिक एवम् शैक्षणिक आधारका दृष्टिले कथा सशक्त नै रहेको छ । विद्यार्थीको रूचि र क्षमतालाई मध्यनजरमा राखी छनोट गर्नु मनोवैज्ञानिक एवम् शैक्षणिक आधारको विशेषता हो । घटनाप्रधानताका हिसावले कमजोर देखिए पनि चारित्रिक तवरले कथा सवल नै छ । त्यसैले यो कथा कक्षा एघारको पाठ्यवस्तुमा छनोट गर्नु उपयुक्त नै देखिन्छ ।

### ३.६ छनोटका आधारमा 'हारजित' कथाको विश्लेषण

भवानीप्रसाद गुप्ताको साहित्यिक नाम नै भवानी भिक्षु हो । मान्छेका मनका केस्राकेस्रा केलाउने र सुक्ष्म तर तीक्ष्ण मानसिक संवेदनाको सर्वेक्षण गर्ने कामको थालनी गर्ने यिनी नेपाली कथासाहित्यमा कोसेढुङ्गो बनेका छन् । बाल यौन र सामाजिक मनोविज्ञानको शाश्वतता र अचेतन मनको उद्घाटन गर्न सिपालु भिक्षुका कथामा स्वास्थ्य एवम् मर्यादित प्रेमको प्रतिरूप पाइन्छ । रतिरागका अतिरिक्त सामाजिक तथा संस्कृतिक विविधताले पनि उनका कथाहरू रङ्गिएका छन् नयाँ र पुराना पुस्ताहरू बीचको द्वन्द्व देखाउनु र समाजका रुढी अन्ध धारणा र

गरीबीको बिरोध गर्नु नै उनका कथाको विशेषता हो । यसरी मनोवैज्ञानिक यथार्थ, सामाजिकता भाषिक दुर्वोधता तत्सम शब्दको अधिक प्रयोग, लामो आकार, शिष्ट यौनविश्लेषण, यौनग्रन्थिबाट पीडित मनोदशाको उद्घाटन, पात्रगत द्वन्द्वात्मकता, झीनो कथात्मक, कुतूहल, संवेदनशीलता, भावुकता, परिष्कारपरिमार्जन आदि उनका कथागत विशेषता हुन् । (पूर्ववत, २०६४:३०८)

मूल तः निर्दिष्ट उद्देश्य र आवश्यकता पूरा गर्नका लागि उपयोगी हुन सक्छ भन्ने कुराको विवेकयुक्त सोचाइ र दृष्टिकोण नै पाठ्यवस्तु (कथा) छनोटको मूल अभिप्राय हो । सामान्य तः कथाको छनोट भन्नाले पाठ्यक्रमका उद्देश्य पूरा गर्नका लागि धेरै कथाहरूको बीचबाट उपयुक्त र सान्दर्भिक कथाहरु छान्ने भन्ने बुझिन्छ । छनोटको वाह्य आधारबाट **हारजित** कथाको मूल्याङ्कन गर्ने हो भने प्रयोजन वा उद्देश्यका दृष्टिले कथा सवल नै देखिन्छ । त्याग, समर्पण र सेवाको भावनाले मानिसको आदर्श र इज्ज्यत झल्कन्छ अनि आर्थिक आडम्बर, अहमको भावना र अनेक षडयन्त्र रचेर पनि प्रतिष्ठित बन्न सकिन्छ भन्ने भावना समाजमा विद्यमान छ भन्ने सन्देश कथाले दिएको छ । वर्गीय द्वन्द्वयुक्त समाजको चारित्रिक विशेषता देखाउनु कथाको उद्देश्य हो । यसरी हेर्दा उद्देश्यका दृष्टिले कथा सशक्त नै देखिन्छ ।

विद्यार्थीको तह वा स्तरका दृष्टिले भने हारजित कथा दुर्वल प्रतीत हुन्छ । परिवेशका दृष्टिले आञ्चलिक कथा भन्न सकिने **हारजित** कथा पुरुषप्रधानताले नराम्ररी थलिएको छ । आफ्नो प्रतिष्ठाका लागि मनोहरले सोनवालाई घरमा राख्नु र घुरहुले मैतालु छोरीलाई मनोहरको घरमा मजुरी गर्न पठाउनु नारी दमनकै उदाहरण हो । यसरी घुरहु र मनोहर दुबैको जित र हार भएको देखाइ कथालाई दुर्वोध बनाउँदा विद्यार्थीको तह वा स्तरका दृष्टिले जटिल रहेको महसुस हुन्छ । तत्सम र तद्भव शब्दको अत्यधिक प्रयोगले भाषिक स्तर दुर्वोध अनुभव हुन्छ । वर्गीय द्वन्द्वयुक्त समाजको चारित्रिक विशेषालाई प्रस्तुत गर्न खोज्दा कथा अलि पृथक रूपमा देखा पर्दछ । उद्देश्य र परिवेश सशक्त नै रहे पनि प्रस्तुत कथा भाषिक सीप विकासका दृष्टिले दुर्वल रहेको अनुभव हुन्छ । मूल तः प्रतिष्ठाको लडाइ र उच्च मानवीय अहमको युद्ध स्थलका रूपमा कथा उभिएको हुँदा कक्षा एघारमा पढ्ने उमेर समूहका विद्यार्थीको सुझवुझ भाषिक सामर्थ्य भन्दा स्तरीय अनुभव हुन्छ । समयावधिका दृष्टिले भने कथा लामो आकारको देखिन्छ । आधा

घण्टा जतिमा पढिसकिने खालको कथा रहे पनि कथाको आयाम लामो भएको हुँदा विद्यार्थीहरूको लागि केही बोझिलो हुने अनुमान गर्न सकिन्छ । यसका अतिरिक्त पाठ्यक्रमको प्रकृति आदिमा ध्यान नदिइ यो कथा छनोट गरिएको अनुभव हुन्छ । सिकारूको पूर्व ज्ञान वा क्षमतालाई नै कथाले पूर्ण तः वेवस्ता गरेको छ । सामाजिक एवम् मनोवैज्ञानिक क्षेत्रको प्रतिनिधित्व गरेको 'हारजित' कथा कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकमा समावेश गरिनु विद्यार्थीको भाषिक सुझवुझ एवम् स्तरका दृष्टिले दुर्वोध प्रतीत हुन्छ ।

छनोटका आन्तरिक आधारमा **हारजित** कथाको विश्लेषण गर्नुपर्दा भाषिकागत प्रयोगका दृष्टिले आञ्चलिकतालाई ओगटेको छ । गोटिहवा गाउँको पiरवेशले गर्दा त्यहाँको स्थानीयताको भाषिक प्रयोग भएको अनुमान गर्न सकिन्छ । मूल तः भिक्षु मनोवैज्ञानिक कथाकार हुन् त्यसैले उनले हारजित कथामा घुरहु महतो र मनोहर महतोको मनोविश्लेषण गर्ने सन्दर्भमा सामाजिक प्रतिष्ठा कमाउन उनीहरूले गरेको त्याग र समर्पणलाई कलात्मक भाषिक प्रयोगले सिंगारेका छन् । भाषाकै विषयवस्तुहरू छनोट गर्दा विशेष विषयगत रुपमा भाषाकै शब्दभण्डार, वाक्य संरचना र शैली सम्बन्धी सीपको विकास गर्ने गरी गर्नुपर्छ । जसलाई प्रयोजनपरक भेदका रूपमा चिन्न सकिन्छ । प्रस्तुत कथा शब्दभण्डार, वाक्य संरचना र शैलीगत सीपले भने सवल नै देखिन्छ । शैलीगत दृष्टिले **हारजित** कथा केही दुर्वोध्य भए पनि समग्र तः भिक्षुका अन्य कथा भन्दा सरल र सुबोध भाषाको नमुना मान्न सकिन्छ । तराइको महतो समुदायमा प्रचलित शब्द, पदावली र वाक्यहरूको संयोजनले भने कथाले आञ्चलिकताको पगरी गुथेको छ । भाषाबाट स्थानीयता स्पष्ट रुपमा चित्रित हुन्छ । तार्किक र आलङ्कारिक भाषिक प्रयोगका झलक पनि कथामा पाइन्छन् । कथामा तृतीय पुरूष दृष्टिविन्दुको प्रयोग गरिएको छ । स्थानीय भाषाको आधिक्यले कथामा स्थानीय रङ भरेको छ । कथा सरल र स्वभाविक प्रकृतिको छ । तर पनि हुँदाहुँदै पनि कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकमा समावेश गरिनुले कक्षा एघारका विद्यार्थीहरूको भाषिक सामर्थ्य अनुरूप स्तरीय अनुभव हुन्छ ।

भाषिक माध्यमका दृष्टिमा कथामा कतिपय मौखिक अभिव्यक्तिहरू पनि फेला पार्न सकिन्छ । जसले उच्चारण, हाउभाउ, संवेगात्मक अभिनयजस्ता अभिव्यक्ति सीपको विकासमा टेवा पुऱ्याउन सहयोग गर्दछ । माध्यमका दृष्टिले

'हारजित' कथा उत्कृष्ट नै देखिन्छ । भाषातत्त्वगत दृष्टिमा हारजित कथा केही सवल रहेको अनुभव हुन्छ । विद्यार्थीको रूचि, क्षमता, तह इत्यादिलाई मध्यनजरमा राख्दै भाषातत्त्वको छनोट गर्नुपर्ने हुन्छ । वर्ण, शब्द, पदावली, अक्षर, उखान टुक्का आदि शब्द चयनले यो कथा उत्कृष्ट बनेको छ । तर आवृत्तिगत आधारमा मूल्याङ्कन गर्नु पर्दा भने बारम्बार प्रयोग र प्रसङ्गमा आइरहने आवृत्तिमूलक भाषातत्त्वहरूलाई ध्यान दिएको वा आधार बनाएर कथाको छनोट गरिएको लाग्दैन । विस्तरणका दृष्टिले पनि भाषातत्त्वहरूको समान प्रयोग भएको छैन । जसले विद्यार्थीहरूको भाषिक सीपमा नकारात्मक असर पर्न सक्छ । एउटा पक्षमा जति प्रखर हुन सक्छन्, अर्को पक्षमा उति नै कमजोर हुन सक्छन् । त्यसैले विस्तरणलाई ख्याल गरेर कथा छनोट गर्नुपर्ने देखिन्छ । प्राप्यताका तवरले कथा शसक्त छ । सामाजिक अनुभवजन्य शब्दको प्रयोगले कथामा प्राप्यतालाई संकेत गरेको छ । व्यापान वा व्यापकताका दृष्टिले भने कथा दूर्वल नै छ । मितव्ययी शब्दको प्रयोग नहुनुले कथा केही लामो आकारको बनेको छ । त्यसैगरी मनोवैज्ञानिक एवम् शैक्षणिक दृष्टिले कथा सवल छ । भिक्षु आफै मनोवैज्ञानिक कथाकार भएकोले मनोवैज्ञानिकतालाई आत्मसात गरेरै कथाको सिर्जना गर्दछन् । तत्सम् एवम् तद्भव शब्दको बढी प्रयोगले कथामा दुर्वोधता निम्त्याएको छ । माथिल्लो तहलाई पृष्ठभूमिको रूपमा पनि यो कथाले काम गरेको छ । यसरी हेर्दा कक्षा एघारको विद्यार्थीहरूको स्तरभन्दा केही माथि उठे पनि समग्रतः कथा उपयुक्त नै मान्नु पर्छ ।

**३.७ निष्कर्ष**

मूल तः **छान** धातुमा **ओट्** प्रत्यय लागेर बनेको **छनोट** शब्दको अर्थ छान्ने, रोज्ने वा चयन गर्ने भन्ने बुझिन्छ । धेरै विकल्पहरूमध्येबाट उपयुक्त वस्तु छान्नुलाई नै छान्ने काम मानिन्छ । कक्षागत वा विषयगत रूपमा पाठ्यक्रममा तोकिएका उद्देश्यहरू पूरा गर्नका लागि कथाहरू छान्ने कामलाई नै कथावस्तु छनोट भन्न सकिन्छ । सबै कथाहरू सबै कक्षा, तह र उमेरका विद्यार्थीका लागि उपयुक्त हुँदैन तसर्थ छनोट गर्दा बालबालिकाको स्तर, उमेर, इच्छा, वातावरण आदिलाई आधार मान्नु पर्दछ ।

छनोटलाई विशेषतः आन्तरिक र वाह्य गरी दुई आधारमा विभाजन गर्न सकिन्छ । आन्तरिक आधार अन्तर्गत भाषिका प्रयोजनपरक भेद, शैली, माध्यम र

भाषातत्व पर्दछन् भने वाह्य आधार अन्तर्गत प्रयोजन वा उद्देश्य, विद्यार्थीको तह वा स्तर, समयावधि/वातावरण, सिकारूको क्षमता आदि रहेका छन् ।

कक्षा एघारको **सबैको नेपाली** पाठ्यपुस्तकमा जम्मा पाँचवटा कथाहरू समावेश गरिएको छ । गुरूप्रसाद मैनालीद्वारा लिखित **छमेकी** कथा विशुद्ध सामाजिक विषयवस्तुमा संरचित छ । अत्यधिक प्राकृतिक लोकभाषाको प्रयोग गर्नु एवम् धर्मानन्दपाध्येजस्ता शोषक व्यक्तिहरूलाई सामान्य आदरार्थी क्रियाको प्रयोग गर्नु आजको युगमा अवाञ्छनीय छ । उद्देश्यका दृष्टिले भने कथा अत्यन्त सरल छ । भाषातत्त्वका दृष्टिले त्यति सवल नदेखिने **छिमेकी** कथा कक्षा एघारका विद्यार्थीहरूको पाठ्यक्रमका लागि छनोट गर्नु त्यति सान्दर्भिक छैन । त्यसैगरी प्रगतिवादी कथाकार भन्न सुहाउने प्रसिद्ध कथाकार रमेश विकलद्वारा लिखित **मधुमालतीको कथा** कथा पौराणिक मधुमालतीको कथालाई जोड्दै प्रतीकात्मक बनाउनु एवम् बालभाषा र संवादले स्वभाविकतालाई त्याग्न खोज्नुजस्ता पक्षले कक्षा एघारका विद्यार्थीहरूको वौद्धिक स्तर अनुरूप छनोट नगरिएको महसुश हुन्छ । त्यस्तै प्रसिद्ध आयामेली कथाकार इन्द्रबहादुर राइद्वारा लिखित **रातभरि हुरी चल्यो** कथाको उद्देश्य पक्ष सवल छ । उनका अन्य कथाभन्दा यो कथा सरल र सहज देखिए पनि आयामिक चिन्तनबाट पूर्णतः उम्कन सकेको छैन । चारित्रिक पक्षको प्रवलताले आदर्श पक्ष थिचिएको छ । आपत विपत भन्ने कुरा सहरमा मात्र होइन जहाँसुकै पनि पर्न सक्छ । त्यसैले यिनै पक्ष कमजोर रहे पनि समग्रतः कक्षा एघारका विद्यार्थीहरूको सुझबुझ अनुरूप नै छनोट भएको मान्न सकिन्छ । त्यसैगरी मनोवैज्ञानिक यथार्थवादी कथाकार विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित **शत्रु** कथा मनोवैज्ञानिक कथा हो । चारित्रिक पक्षको सघनताले यस कथाको आर्दशपक्ष छायाँमा परेको छ । अखबारी शैलीको प्रयोगले कथा बढी सूचनात्मक बनेको छ । यिनै पक्ष दूर्वल रहे पनि अन्य पक्ष भने कक्षा एघारका विद्यार्थीहरूको वौद्धिक क्षमता अनुरूप मान्न सकिन्छ । त्यसैगरी हारजित कथाले मनोवैज्ञानिक क्षेत्रको प्रतिनिधित्व गरेको छ । अत्याधिक पुरूष प्रधानताले थलिएको कथा भएको हुँदो **सबैको नेपाली** पाठ्यक्रममा आजको सन्दर्भमा समावेश गर्नु असान्दर्भिक देखिन्छ । यसरी **सबैको नेपाली** पाठ्यपुस्तकमा समाविष्ट कथाहरूका धेरै पक्षहरू सवल नै देखिए पनि आंशिक रूपमा कक्षा एघारका विद्यार्थीहरूको स्तर अनुरूप छनोट नभएको देखिन्छ ।

## परिच्छेद चार

# स्तरणका आधारमा 'सबैको नेपाली' पाठ्यपुस्तकमा समाविष्ट कथाविधाको अध्ययन

### ४.१ स्तरणका आधारमा 'छिमेकी' कथाको विश्लेषण

मूलतः भाषा पाठ्यक्रमका सन्दर्भमा उद्देश्य अनुसार समय, सीमा र विद्यार्थीका तह एवम् स्तर अनुरुप छनोट गरिएका भाषिक विषयवस्तुहरुलाई प्रभावकारी एवम् व्यवस्थित क्रममा प्रस्तुत गरेर शिक्षण सिकाइयोग्य बनाउने कार्य नै स्तरण हो । मूलतः छिमेकी कथा पङ्क्तीय वा रेखीय स्तरणभन्दा माथि उठेको प्रतीत हुन्छ । रेखीय स्तरणले पठित पाठको आवृत्तिलाई नष्ट गर्ने र खास विषयका सामान्य र आधारभूत कुराको प्रवेश अग्रवर्ती कक्षामा गराएर पश्चवर्ती कक्षामा त्यससङ्ग सम्बद्ध विशिष्ट कुराको प्रस्तुति गर्ने कुरालाई नकार्ने भएकोले **छिमेकी** कथा रेखीय स्तरणभन्दा माथि उठेको छ । शिक्षणीय र मनोवैज्ञानिक दृष्टिले पनि यो कथा उपयोगी देखिन्छ । कक्षा दशमा मैनालीकै सामाजिक यथार्थवादी **कर्तव्य** कथा राखिएको छ । त्यही अनुरूप कक्षा एघारमा **छिमेकी** कथा राख्नुले पनि यो चक्रीय स्तरण अनुरूप राखिएको अनुभव हुन्छ । कथालेखनको समयतिर यो कथा उपयोगी देखिए पनि आजको परिवर्तनशील समयमा भने बौद्धिक स्तरका दृष्टिले केही फितलो भएको प्रतीत हुन्छ । प्राकृत लोकभाषाका प्रयोग र गुमाने र धनजिते जस्ता निमुखा र श्रमजिवी कृषकहरूलाई अनादरको प्रयोग गर्नुले पुँजीवादीहरूलाई अझ प्रोत्साहन दिएको महसुश हुन्छ । जुन आजको नेपाली समाजको लागि त घातक नै हुन्छ । तर तत्कालीन एवम् वर्तमानकालीन नेपाली समाजको जनजीवनको भने यसले सजीव चित्र नै उतारेको छ।

**छमेकी** कथा परम्परागत स्तरण भन्दा पनि माथि उठेको छ । 'पढ र कण्ठ गर' भन्ने परम्परागत स्तरणलाई त्याग्दै छिमेकी भनेका जिउँदाका जन्ती र मर्दाका मलामी हुन् भन्ने उच्चतम आदर्श तथा असल छिमेकीले गर्नुपर्ने कर्तव्यको पाठ सिकाएकोले यो सम्प्रेषणात्मक स्तरणमा समेत आधारित छ । पात्रानुकूल भाषाको प्रयोग गर्नुले यो कथाले प्रकार्यात्मक स्तरणलाई समेत प्रश्रय दिएको छ ।

## ४.२ स्तरणका आधारमा 'मधुमालतीको कथा' कथाको विश्लेषण

मूल तः छनोट गरिएको विषयवस्तु एक निश्चित क्रम मिलाएर राख्नको लागि निर्धारण गरिएको तरिका स्तरण हो । **मधुमालतीको कथा** कथा पाठ -४ मा समावेश गरिएको छ । विशेष तः यो कक्षा पङ्क्तीय वा रेखीय स्तरण अनुकूल पनि देखिदैँन । मनोवैज्ञानिक र शैक्षिणिक दृष्टिले कथा सवल नै देखिन्छ । पङ्क्तीय स्तरणले मनोविज्ञान र शैक्षणिक पक्षलाई आत्मसात गर्दैन । चक्रीय स्तरणका दृष्टिले प्रस्तुत कथा सवल नै देखिन्छ । चक्रीय स्तरण शैक्षणिक र मनोवैज्ञानिक दृष्टिले पनि सशक्त रहन्छ । चक्रीय स्तरणमा एकपटक एउटा सन्दर्भमा पढे पढाएका कुरा अर्को सन्दर्भमा पनि सम्बन्धित र श्रृङ्खलित भएर देखा पर्ने हुँदा लोकप्रिय बनेको छ । माध्यमिक तहको कक्षा ९ मा देवकुमारी थापाद्वारा लिखित **भविष्य निर्माण** कथा राखी बालमनोविज्ञानको सन्दर्भ उल्लेख गर्नु, कक्षा दशमा विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित **दोषी चस्मा** कथा राख्नु **सबैको नेपाली** पाठ्यपुस्तकमा **मधुमालतीको कथा** कथा राख्नुले चक्रीय स्तरणलाई ध्यान दिइ राखिएको कथा मान्न सकिन्छ । परम्परागत स्तरणभन्दा यो कथा माथि उठेको छ भने, भाषिक सीप एवम् व्याकरणिक ज्ञानका लागि सहयोगी नै देखिन्छ । प्रयुक्तिगत उपयुक्तता र सान्दर्भिक सम्प्रेषणका दृष्टिले पनि यो कथा सवल नै रहेको छ तर शब्दभण्डारगत दृष्टिले भने कमोजर प्रतीत हुन्छ ।

कथाको ठाउँ, परिस्थिति, समय अनुसार भाषाको प्रयोग भएको हुँदा यो कथा प्रकार्यात्मक स्तरणमा आधारित छ । त्यसै गरी सम्प्रेषणात्मक स्तरणका दृष्टिले यो कथा सशक्त नै  रहेको छ । भाषिक नियमभन्दा सन्दर्भपरक सम्प्रेषणमा जोड दिइएको हुँदा यो कथा सम्प्रेषणामूलक पनि छ । कतिपय कमजोरी देखापरे पनि स्तरणका दृष्टिले त्यति कमजोर कथा भन्न सकिदैन ।

## ४.३ स्तरणका आधारमा 'रातभरि हुरी चल्यो' कथाको विश्लेषण

स्तरणका आधारमा **रातभरि हुरी चल्यो** कथाको विश्लेषण गर्दा माथिल्लो कक्षाकोठाको पृष्ठपोषकका रूपमा उभिएको देखिन्छ । परम्परागत स्मरणभन्दा भिन्न रहेर लेखिएको यो कथा नितान्त नवीन विषयवस्तुमा संरचित छ । तल्ला कक्षाहरूमा सामाजिक यथार्थवादी कथाहरू राखिएका छन् । कक्षा १० मा गुरूप्रसाद मैनालीद्वारा लिखित **कर्तव्य** कथाले सामाजिक यथार्थको एवम् आदर्शको उद्घाटन गरेको छ तर **रातभरि हुरी चल्यो** कथाले सामाजिक यथार्थको उचाइ प्राप्त गरेता

पनि आदर्शको रमरम मात्रै अनुभव गर्न सकिन्छ । यसरी हेर्दा यो कथा आंशिक रूपमा मात्र रेखीय वा पङ्क्तीय स्तरण अनुरूप रहेको देखिन्छ । पङ्क्तीय स्तरणले पङ्क्तिवद्ध प्रस्तुतिको ध्येय राख्ने गर्दछ र पठित पाठको आवृत्तिलाई यसले निषेध गर्दछ । मनोवैज्ञानिक र शैक्षणिक दृष्टिले भने अत्यन्त सवल देखिने यो कथा चक्रीय स्तरणमा रहेको अनुभव हुन्छ । मूल तः पाठ्यक्रमको उद्देश्य हासिल गर्नका निम्ति छनोट गरिएका विषयवस्तुलाई चक्र घुमे जस्तै घुमाइ फिराइ अझ विस्तार र उन्नयनका साथ गरिने स्तरण चक्रीय स्तरण हो । दोस्रो चरणका सिकाइका लागि पनि यो स्तरण पृष्ठपोषकका रूपमा उभिएको **रातभरि हुरी चल्यो** कथा चक्रीय स्तरण अनुरूप कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकमा समावेश गरिएको छ ।

**रातभरि हुरी चल्यो** कथा परम्परागत स्तरण भन्दा माथि उठेको छ । परम्परागत स्तरणले मनोवैज्ञानिक सोंच र शैक्षणिक आधारलाई वास्ता गर्दैन । तर **रातभरि हुरी चल्यो** कथा मनोवैज्ञानिक र शैक्षिणिक आधारले उपयुक्त नै देखिन्छ । परम्परामुक्त नवीन शैलीको प्रयोग गर्ने सन्दर्भमा जीवनको वस्तुता भित्र सम्पूर्णताको खोजी गर्ने आयामिक चिन्तनको प्रयोग गरिएको छ । प्रवासी नेपाली जनजीवनको चित्रण गर्ने सन्दर्भमा दार्जिलिङ्गे भाषाको स्पष्ट छाप एवम् आञ्चलिकता अनुरूप कथा अगाडि बढेकोले यो कथा प्रकार्यात्मक स्तरणमा आधारित रहेको देखिन्छ पात्रानुकूल भाषाको प्रयोगले पनि प्रकार्यात्मकतालाई पछ्याएको अनुभव गर्न सकिन्छ ।

भाषा मानव जीवनको अत्यावश्यकीय कुरा हो । भाषालाई विचार विनिमयको सशक्त माध्यमको रूपमा लिइन्छ । सम्प्रेषणका दृष्टिले कथा उपयुक्त छ । व्याकरणिक ज्ञान भन्दा सम्प्रेषणलाई विशेष महत्व लिएको हुनाले **रातभरि हुरी चल्यो** कथा सम्प्रेषणात्मक स्तरण अनुकूल रहेको अनुभव गर्न सकिन्छ । जुन कक्षा एघारका विद्यार्थीहरूको भाषिक सुझ र स्तर अनुरूप नै रहेको देखिन्छ ।

### ४.४ स्तरणका आधारमा 'शत्रु' कथाको विश्लेषण

**शत्रु** कथा कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकमा पाठ १३ मा समावेश गरिएको छ । मूल तः पाठ्यवस्तुको सम्पूर्ण पक्ष वा पङ्क्तिवद्ध प्रस्तुतिको ध्येय राख्ने स्तरण रेखीय वा पङ्क्तीय स्तरण हो । व्याकरणका सबै पक्ष एवम् भाषिक सीपहरूलाई एक पछि अर्को क्रममा प्रस्तुत गर्ने धारणा यो स्तरणमा पाइन्छ

। कक्षा दशमा **दोषी चस्मा** कथा राखिएको छ । विद्यार्थीको तह वा स्तरका दृष्टिले 'शत्रु' कथा भन्दा **दोषी चस्मा** कथा स्तरीय र दुर्बोध प्रतीत हुन्छ । माध्यामिक तहको पुरानो पाठ्यक्रममा कक्षा ९ मा **शत्रु** कथा रहेको थियो पछि पाठ्यक्रमको परिमार्जन गर्ने क्रममा **शत्रु** कथालाई हटाएर **दोषी चस्मा** कथा राखिएको छ । यसरी हेर्दा कक्षा दशमा छनोट गरिएको **दोषी चस्मा** कथा भन्दा कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकमा समाविष्ट **शत्रु** कथा सरल र सुबोध अनुभव हुन्छ । कथाको स्तर अनुरूप विद्यार्थीको स्तरको ख्याल नगरी पाठ्यक्रम परिवर्तन गरिएकोले **शत्रु** कथा रेखीय स्तरण अनुरूप नरेहेको अनुमान गर्न सकिन्छ परसपर अन्तरसम्बद्ध पाठ्यवस्तुलाई पृथकीकरण गर्ने यो स्तरण मनोवैज्ञानिक र शैक्षणिक दृष्टिले कमजोर मानिन्छ तर **शत्रु** कथा भने रेखीय स्तरण भन्दा माथि उठी विद्यार्थीहरूको मनोवैज्ञानिक शैक्षणिक पक्षमा अत्यन्त सहयोगी कथाका रूपमा रहेको छ ।

विद्यार्थीको इच्छा, आकाङ्क्षा र उमेरको स्तर अनुरूप विषयवस्तु प्रस्तुत गर्ने ध्येय चक्रीय पाठ्यक्रमले राखेको हुन्छ । कक्षा ११ मा **शत्रु** कथा रहनु र कक्षा १० मा **दोषी चस्मा** छनोट गर्नुले चक्रीय स्तरणलाई पछ्याउन खोजेको अनुमान गर्न सकिन्छ तर कथागत स्तर अनुरूप पाठ्यवस्तुको छनोट गरी कुन तहमा उक्त कथा राख्ने भन्ने बारेमा भने सोंच्नुपर्ने देखिन्छ । त्यसैगरी माथिल्ला कक्षाहरूमा रहेका कतिपय कथाहरूको पृष्ठपोषणका रूपमा पनि देखा पर्दछ ।

त्यसैगरी पढ र कण्ठ गर अनि त्यसलाई सुनाएर वा लेखेर व्यक्त गर भन्ने परम्परागत स्तरणभन्दा **शत्रु** कथा माथि उठेको छ । अभ्यास र आवृत्तिको आंशिक प्रयोगले कथा कक्षा एघारको विद्यार्थीहरूको स्तर अनुरूप सवल रहेको प्रतीत हुन्छ । त्यसैगरी **शत्रु** कथामा व्याकरणात्मक स्तरणलाई भने त्यति महत्व दिएको पाइंदैन । केही टुक्का मिश्रित पदावलीहरू रहे पनि व्याकरणिक ज्ञानका हिसावले यो कथा कमजोर नै देखिन्छ । कृष्ण रायको मानसिक चिरफार गर्ने उद्देश्य कथाले राखेको छ भने एकालापीय संवादात्मक अभिव्यक्तिले भने कथा केही दुर्वोध अनुभव हुन्छ । यसरी हेर्दा प्रकार्यात्मक स्तरण अनुरूप कथा अगाडि बढेको मान्न सकिन्छ र कथाको वातावरण र कथावस्तुबीच तालमेल भई पात्रानुकूल भाषिक प्रयोगले कथालाई प्रकार्यात्मक बनाएको छ । त्यसैगरी सम्प्रेषणात्मकतालाई यो कथाले विशेष तः जोड दिएको छ । बक्ता, बोद्धा, विषय, परिस्थिति अवस्थाका आधारमा

उत्पन्न हुने भाषाका प्रयोगले कथा सम्प्रेषणात्मक स्तर अनुरूप रहेको अनुमान सकिन्छ । यसरी कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकमा समावेश गर्नु स्तर अनुकूल नै देखिन्छ । कथामा केही पक्ष दुर्वल रहे पनि समग्र तः अन्य पक्ष भने सवल नै देखिन्छ ।

**४.५ स्तरणका आधारमा 'हारजित' कथाको विश्लेषण**

**हारजित** कथा **सबैको नेपाली** पाठ्यपुस्तकमा पाठः १५ मा समावेश गरिएको छ । पठित पाठको आवृत्तिलाई रेखीय स्तरणले निषेध गर्छ तर 'हारजित' कथामा आवृत्तिगत पक्षहरू पनि फेला पार्न सकिन्छ । मनोवैज्ञानिक र शैक्षणिक दृष्टिले पनि **हारजित** कथा सवल देखिएको हुँदा यो रेखीय स्तरणभन्दा माथि उठेको छ ।

मूलतः पाठ्यक्रमका उद्देश्य हासिल गर्नका लागि छनोट गरिएका विषयवस्तुलाई चक्र घुमेजस्तै घुमाइ, फिराइ, अझ विस्तार र उन्नयनका साथ गरिने स्तरण चक्रीय स्तरण हो । यसर्थ **हारजित कथा** चक्रीय स्तरणमा आधारित देखिन्छ । सामाजिक एवम् मनोवैज्ञानिक क्षेत्रको प्रतिनिधित्व गर्दै, त्याग, समपर्ण र इज्जतका सन्दर्भमा कथा उभिएकोले यो कथा शिक्षणीय एवम् मनोवैज्ञानिक दृष्टिले शसक्त देखिन्छ । तल्ला कक्षाहरूका पुनः स्मरण एवम् माथिल्ला कक्षाहरूको कथाका लागि पृष्ठपोषकका रूपमा कथा उभिएको छ । कथाको आवृत्तिगत पक्षले पूर्वार्जित ज्ञानको स्मरण गराउने कार्य गरेको छ । सरलीकृत अवस्थाबाट अग्रगतितिर अगाडि बढेको हुँदा र विषयवस्तुको उत्तरोत्तर उन्नयनले सिकारूमा थप प्रेरणा दिने कार्य गरेको हुँदा **हारजित** कथा चक्रीय स्तरण अनुरूप रहेको प्रतीत हुन्छ ।

**हारजित** कथा व्याकरणात्मक वा संरचनात्मक स्तरणभन्दा माथि उठेको अनुभव हुन्छ । व्याकरणात्मक नियम र व्यवस्थाको क्रमबद्ध प्रस्तुतिमा जोड नदिइ शब्दभण्डारगत दृष्टिले पनि कमजोर देखिएको हुनाले **हारजित** कथा प्रयुक्तिगत उपयुक्तता र सान्दर्भिक सम्प्रेषणका दृष्टिले त्यति उपयुक्त देखिंदैन । यसका अतिरिक्त विभिन्न ठाउँ, परिस्थिति र समयानुसार हुने भाषाको प्रयोग नै प्रकार्यात्मक स्तरण हो । **हारजित** कथामा तराइको गोटिहवा गाउँको परिवेशलाई समेट्दै आञ्चलिकताको परिचय दिन खोजेको र त्यहींको स्थानीय भाषाको प्रयोग भएकोले यो कथा पूर्णतः प्रकार्यात्मक स्तरणमा आधारित छ । यसरी दोस्रो भाषाका रूपमा अध्ययन गर्ने विद्यार्थीहरूको लागि पनि शैक्षिणिक तवरले उपयुक्त देखिन्छ ।

मूलतः व्याकरण नियमको आधारलाई भन्दा सम्प्रेषणत्मक क्षमताको विकास गराउने उद्देश्य यस कथाले राखेको छ । व्यवहारिक जीवनसँग सम्बन्धित भई सरलदेखि जटिल तथा प्रत्यक्षदेखि अप्रत्यक्षको क्रममा 'हारजित' कथा अनुक्रमित भएकोले यो कथा सम्प्रेषणात्मक स्तरणमा आधारित देखिन्छ । कतिपय सन्दर्भमा कलाका सवलपक्षहरू देखिएता पनि समग्रतः कक्षा एघारका विद्यार्थीहरूको सुझबुझ, भाषिक सामर्थ्यभन्दा स्तरीय अनुभव हुन्छ ।

**४.६ निष्कर्ष**

यस शोधपत्रको शीर्षक **छनोट र स्तरणका आधारमा सबैको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययन** रहेको हुँदा **सबैको नेपाली** पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययन पनि कथाको छनोट र स्तरणको सैद्धान्तिक आधारमा नै गरिएको छ । मूलतः भाषा पाठ्यक्रमका सन्दर्भमा उद्देश्य अनुसार समय, सीमा र विद्यार्थीका तह एवम् स्तर अनुरूप छनोट गरिएका भाषिक विषयवस्तुहरूलाई प्रभावकारी एवम् व्यवस्थित क्रममा प्रस्तुत गरेर शिक्षणसिकाइ योग्य बनाउने कार्य नै स्तरण हो । यसरी स्तरणको परिचय, आवश्यकता जस्ता विषयहरूको विश्लेषण गरी रेखीय, चक्रीय, परम्परागत, व्याकरणात्मक, सम्प्रेणात्मक, प्रकार्यात्मक आदि आधारमा कथाहरूको विश्लेषण गरिएको छ ।

**सबैको नेपाली** पाठ्यपुस्तकमा पाँचओटा कथाहरू समावेश गरिएको छ । **छिमेकी** कथाले सामाजिक विषयवस्तुलाई समेटेको छ । प्राकृतिक लोकभाषाको अधिकतम् उपयोग गरी भाषिक सम्प्रेणलाई असहज बनाएको महसुश हुन्छ । भाषिक सीपका दृष्टिले भने कथा आंशिक सवल देखिन्छ र उ.मा.वि.तहका विद्यार्थीहरूको लागि वौद्धिकताका दृष्टिले फितलो प्रतीत हुन्छ । त्यसैगरी **मधुमालतीको कथा** कथाले मनोवैज्ञानिक क्षेत्रको प्रतिनिधित्व गर्नुका साथै समाजिक क्षेत्रको पनि प्रतिनिधित्व गरेको छ । मूलतः बालमनोविज्ञानमा आधारित प्रगतिवादी कथा भन्न सकिने यस कथाले प्रगतिशील विचार, प्रस्तुत गरेको छ । उद्देश्य र परिवेशका दृष्टिले कथा सवल नै देखिए पनि भाषिक सीपका दृष्टिले दुर्वल रहेको प्रतीत हुन्छ । बाल भाषा र संवादले स्वभाविकतालाई त्याग्न खोजेको अनुभव हुन्छ भने कथालाई पौराणिक **मधुमालतीको कथा** सँग जोडेर प्रतीकात्मक बनाउनु कक्षा एघारका विद्यार्थीहरूको स्तर र भाषिक सुझवुझ भन्दा केही माथि रहेको अनुभव हुन्छ । **रातभरी हुरी चल्यो** कथाले पनि सामाजिक क्षेत्रको प्रतिनिधित्व गरेको छ ।

कथामा घटनाले बढी प्रश्रय पाएको छ, जसको कारण चारित्रिक आदर्श थिचिएको अनुभव हुन्छ । आयामेली चिन्तनमा बद्ध रहेर जीवनको सम्पूर्णता र जीवन विषयक सत्यको गहिरो अध्ययन गर्न खोज्नु, परम्परामुक्त कथावस्तु र दृष्टिविन्दुको प्रयोग गरी कथालाई आयामिक बनाउन खोज्नु जस्ता पक्षले कथानक विद्यार्थीको स्तर र भाषिक सीपका दृष्टिले कमजोर मान्न सकिन्छ । त्यसैगरी **शत्रु** कथाले मनोवैज्ञानिक क्षेत्रको प्रतिनिधित्व गरेर चारित्रिक पक्षलाई सवल बनाएको छ । जसको कारण घटना पक्ष दुर्वल प्रतीत हुन्छ । अखवारी शैलीको प्रयोगले कथालाई बढी सूचनात्मक बनएको अुनभव हुन्छ र मानक भाषिक चयनले कथालाई केही जटिल बनाएको छ । यसरी कथाका धेरै पक्षहरू सवल नै रहे पनि आंशिक पक्षहरू दुर्वल नै देखिन्छन् । त्यसैगरी **हारजित** कथाले मनोवैज्ञानिक क्षेत्रको प्रतिनिधित्व गरेको छ । परिवेशका दृष्टिले आञ्चलिक भन्न सकिने 'हारजित' कथा पुरूषप्रधानले नराम्ररी थलिएको छ । आफ्नो प्रतिष्ठाका लागि मनोहरले सोनवालाई आफ्नो घरमा राख्नु र धुरहुले मैतालु छोरीलाई मनोहरका घरमा मजुरी गर्न पठाउनु नारी दमनको ज्वलन्त उदाहरण हो । तत्सम् र तद्भव शब्दको अत्यधिक प्रयोगले भाषिक स्तर केही दुर्वोध अनुभव हुन्छ । मूल तः प्रतिष्ठाको लडाइँ र उच्च मानवीय अहमको युद्धस्थलका रूपमा कथा उभिएको हुँदा कक्षा एघारमा पढ्ने उमेर समूहका विद्यार्थीहरूको सुझवुझ र भाषिक सामर्थ्य भन्दा स्तरीय अनुभव हुन्छ ।

पाठ्यपुस्तकमा समाविष्ट पाठ्यविषयहरू छनोट र स्तरणका दृष्टिले उपयुक्त हुनु नितान्त आवश्यक हुन्छ । भाषा पाठ्यपुस्तकमा विविध विधाहरू विभिन्न क्षेत्रबाट विषयवस्तु छनोट गर्नुपर्दछ । कक्षा एघारको अनिवार्य नेपालीमा केही पक्ष सवल रहे पनि अधिकांश कथाहरू दुर्वल छन् । छनोटमा उचित ध्यान नदिनाले शिक्षण सिकाइ प्रभावकारी हुन सकेको जस्तो लाग्दैन । पाठ्यविषयको स्तरण गर्दा सरलबाट जटिल तथा ज्ञातबाट अज्ञाततर्फ आदि हुनुपर्छ । शब्द, वाक्य, उखानटुक्का तथा पाठको लम्बाईलाई ध्यानमा राखेर समावेश गरिएका कथाहरू कतिपय अत्यधिक लामा र कतिपय धेरै छोटा देखिन्छन् ।

यसरी प्रस्तुत कथाहरू छनोट र स्तरणका आधारमा केही दुर्वलता देखिए पनि यिनलाई अन्य विषय पढाएको ढाँचामा नपढाइ भाषा पाठ्यक्रमका अनुसार भाषिक सीप विकासमा टेवा पुऱ्याउने ढङ्गले आधार सामग्री मात्र तुल्याउन सकेमा विधामा प्रस्तुत पाठहरूबाट शिक्षण सिकाइका क्रममा प्रशस्त लाभ लिन सकिने देखिन्छ ।

# परिच्छेद पाँच

# उपसंहार

## ५.१ निष्कर्ष

त्रिभुवन विश्वविद्यालय, तानसेन बहुमुखी क्याम्पस, पाल्पा शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा शिक्षण विभाग अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह पूरा गर्ने प्रयोजनका लागि तयार पारिएको प्रस्तुत शोधपत्रको शीर्षक **छनोट र स्तरणका आधारमा 'सबैको नेपाली' पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययन** रहेको छ । कथा छनोट र स्तरणको सैद्धान्तिक पक्षमाथि चर्चा गर्दै छनोट र स्तरणका आधारमा सो पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको विश्लेषण गर्नु प्रस्तुत शोधकार्यको उद्देश्य रहेको छ । शोध विषयसँग सम्बन्धित आवश्यक सामग्रीहरू प्राथमिक तथा द्वितीय स्रोतबाट सङ्कलन गरी सामग्री सङ्कलनका लागि कथाको सैद्धान्तिक अध्ययनको पनि प्रयोग गरिएको छ । यसका अतिरिक्त आवश्यक तथ्यहरूको जानकारी लिनका लागि पुस्तकालयीय विधि, सम्बन्धित व्यक्तिहरूसङ्गको सोधपुछ तथा साङ्ख्यिकीय विधिको प्रयोग गरी प्रस्तुत शोधपत्रलाई पूर्णता दिने प्रयास गरिएको छ । छनोट र स्तरणका आधारमा उच्च माध्यमिक तहको कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तमा समाविष्ट कथाहरूको अध्ययन गरिएको छ र ती कथाहरूको पनि सम्पूर्ण पक्षमा अध्ययन नगरी छनोट र स्तरणका आधारमा मात्र अध्ययनको सीमा निर्धारण गरिएको छ । नेपाली विषयमा समावेश कथा विधाको अध्ययनले भाषा शिक्षणमा कथा विधाको केन्द्रीयतालाई महत्वपूर्ण ठानेर छनोट र स्तरणमा प्रभाव पार्दछ । पाठ्यक्रम निर्माण र पाठ्यपुस्तक निर्माताको ध्यान पुगोस् भन्ने उद्देश्यका अतिरिक्त पाठ्यपुस्तकमा के कस्ता कथाहरू समावेश हुनुपर्ने, छनोट र स्तरणको संयोजन गर्ने आधारहरू निर्धारण गरेर पाठ्यक्रम, पाठ्यपुस्तक निर्माणमा कथाको उपयुक्तताका साथै पर्याप्ताको पहिचान गराउनाले उद्देश्य अनुरूप शिक्षण क्रियाकलाप उपयोगी हुन्छ भन्ने कुराको अपेक्षा गर्न सकिन्छ ।

कथा भन्ने र सुन्ने परम्परा प्राचीन समयदेखि चलिआएको पाइन्छ । समयको क्रमसङ्गै मानिसका रोमाञ्चक, साहस, इतिहासका शूत्रहरूले कथाको रूप लिएको पाइन्छ । कथाको संरचनाका निमित्त विभिन्न तत्त्वहरूको आवश्यकता पर्दछ । ती

हुन्: कथानक, पात्र वा चरित्र, उद्देश्य, परिवेश, दृष्टिविन्दु, भाषाशैली, संवाद, विम्व र प्रतीक आदि ।

कथालाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ । विषयवस्तुका आधारमा र शैलीका आधारमा वर्गीकरण गर्न सकिन्छ । विषयगत आधारमा कथालाई सामाजिक, मनोवैज्ञानिक, पौराणिक, लोककथा आदि । उद्देश्यका आधारमा घटनाप्रधान, विचार प्रधान, चरित्रप्रधान र समस्यामूलक आदि । त्यसैगरी शैलीका आधारमा वर्णनात्मक शैली, भावपरक शैली, तार्किक शैली, विविध विषय प्रधान गरी विभिन्न किसिमले वर्गीकरण गर्न सकिन्छ ।

पाठ्यक्रममा तोकिएका उद्देश्य परिपूर्ति गर्ने गरी पाठ्यवली रोज्नुलाई नै पाठ्यवलीको छनोट भनिन्छ । होचुवाको तालमा पाठ्यवली राखियो भने तोकिएको लक्ष्य वा उद्देश्य प्राप्त गर्न सकिंदैन । त्यसकारण पाठ्यवली छनोट आवश्यक पर्छ । छनोटको परिचय, छनोटको आवश्यकता, छनोटका आधारहरू, छनोटको वाह्य आधार अन्तर्गत उद्देश्य, विद्यार्थीको तह वा स्तर, समयावधि, वातावरण, सिकारूको क्षमता पर्दछन् भने छनोटको आन्तरिक आधार अन्तर्गत भाषिका, प्रयोजनपरक भेद, शैली, माध्यम र भाषातत्त्व आदि पर्दछन् । त्यसैगरी स्तरणको परिचय, स्तरणको आवश्यकता र स्तरणका प्रकारहरू पर्दछन् ।

छनोट गरिएका पाठ्यावलीहरूलाई निश्चित क्रम मिलाएर राख्नुलाई पाठ्यवली स्तरण भनिन्छ । स्तरण गर्ने विभिन्न प्रकारहरू छन् तर सबैलाई उपयुक्त तथा मान्य भएका रेखीय, चक्रीय, परम्परागत, व्याकरणात्मक, सम्प्रेषणात्मक र प्रकार्यात्मक गरी ६ ओटा स्तरणहरू रहेका छन् ।

छनोट गर्ने आधार वाह्य र आन्तरिक गरी दुईप्रकारबाट गरिएको छ । वाक्यमा उद्देश्य, विद्यार्थीको तह वा स्तर समयावधि, वातावरण सिकारूको क्षमता आदि छन् भने आन्तरिक आधारमा भाषिका प्रयोजनपरक भेद, शैली, माध्यम आदिका आधारमा गरिएको छ । स्तरणको परिचय, आवश्यकता, स्तरणका प्रकारहरूमा रेखीय स्तरण, चक्रीय स्तरण, परम्परागत स्तरण, व्याकरणात्मक स्तरण, सम्प्रेषणात्मक स्तरण, प्रकार्यात्मक स्तरण गरी कथाको विश्लेषण गरिएको छ । **सबैको नेपाली** पाठ्यपुस्तकमा पाँचओटा कथाहरू समावेश गरिएको छ । पाठः २ मा आदर्शोन्मुख सामाजिक यथार्थवादी कथाकार गुरूप्रसाद मैनालीद्वारा लिखित **छिमेकी** कथा रहेको छ । जुन कथाले सामाजिक विषयवस्तुलाई समेटेको छ

। नेपाली ग्रांमीण जनजीवनको चित्रण गर्दै आदर्श छिमेकीको परिचय दिई छिमेकी जिउँदाको जन्ती र मर्दाका मलामी हुन् भन्ने उच्चतम् आदर्शलाई कथाले पोखेको छ । उद्देश्य र परिवेशका दृष्टिले कथा सवल रहे पनि भाषिक सीपका दृष्टिले दुर्वल रहेको प्रतीत हुन्छ । प्राकृतिक लोकभाषाको अधिकतम् उपयोग गरी सामाजिक भाषिक स्तरलाई झल्काउने प्रयास गरे पनि आजको एक्काइसौं शताब्दीको विज्ञान र प्रविधिको युगमा प्राकृत लोकभाषाको प्रयोग अवाञ्छनीय देखिन्छ । गुमाने र धनजिते जस्ता निम्न वर्गहरूको निम्ति 'ए' प्रत्यय लाग्नु र धर्मानन्द जस्तो धूर्त व्यक्तिका लागि सामान्य आदर प्रयोग गर्नुले कथाको स्तर केही फितलो भएको प्रतीत हुन्छ ।

पाठ ४ मा सामाजिक यथार्थवादी-प्रगतिवादी कित्ताका सर्वश्रेष्ठ कथाकार रमेश विकलद्वारा लिखित **मधुमालतीको कथा** कथा रहेको छ । यस कथाले मनोवैज्ञानिक क्षेत्रको प्रतिनिधित्व गर्नुका साथै सामाजिक क्षेत्रको पनि प्रतिनिधित्व गरेको छ । मूल तः बाल मनोविज्ञानमा आधारित प्रगतिवादी कथा भन्न सकिने यस कथाले वर्गविभेदपूर्ण, असमान, आडम्वरी र शोषणरहित नेपाली समाजको यथार्थ प्रस्तुत गर्दै प्रगतिशील विचार प्रस्तुत गरेको छ । उद्देश्य र परिवशेका दृष्टिले कथा सवल नै देखिए पनि भाषिक सीपका दृष्टिले दुर्वल रहेको प्रतीत हुन्छ । बालभाषा र संवादले स्वभाविकतालाई त्याग्न खोजेको अनुभूत हुन्छ भने कथालाई पौराणिक **मधुमालतीको कथा** सङ्ग जोडेर प्रतीकात्मक बनाउनु कक्षा एघारका विद्यार्थीहरूको लागि स्तरभन्दा माथि भएको अनुभूत हुन्छ । बहुप्रचलित मिथकलाई पुष्टि गर्ने अभीष्ट लक्ष्य कथाको नरहे पनि विद्यार्थीहरूको स्तरभन्दा केही माथि उठेको प्रतीत हुन्छ ।

पाठः १० मा प्रसिद्ध आयामेली कथाकार इन्द्रबहादुर राइद्वारा लिखित **रातभरि हुरी चल्यो** कथा रहेको छ । प्रयोगशीलता, सामाजिक यथार्थवाद र आयामेली चिन्तन हुँदै लीलालेखनतिर प्रवृत्त रहेका राइको **रातभरि हुरी चल्यो** कथा प्राकृतिक विपत्तिसङ्ग जोडिएको सामाजिक कथा हो । सामाजिक क्षेत्रको प्रतिनिधित्व गरेको यस कथामा आञ्चालिक परिवेश सशक्त रूपले झल्केको छ । विपत्तिबाट भाग्नु समस्याको समाधान होइन, त्यसको प्रतिकार गर्नु नै सफल जीवनको आधार हो । प्रकृतिमा जसरी दिन र रात छन् त्यसैगरी जीवनमा पनि सुख र दुःखको उहापोह भइरहन्छ भन्ने यथार्थ जीवन सत्यको उद्घाटन यस कथाले गरेको छ । दैवी विपत्ति

प्रवासमा मात्र होइन जहाँसुकै पनि लाग्न सक्छ । कथामा घटनाले बढी पश्रय पाएको छ । जसको कारण चारित्रिक आदर्श थिचिएको अनुभव हुन्छ । आयामेली चिन्तनमा वद्ध रहेर जीवनको सम्पूर्णता र जीवन विषयक सत्यको गहिरो अध्ययन गर्न खोज्नु, परम्परामुक्त कथावस्तु र दृष्टिविन्दुको प्रयोग गरी कथालाई आयामिक बनाउन खोज्नु जस्ता पक्षले कथानक, विद्यार्थीको स्तर र भाषिक सीपका दृष्टिले कमजोर मान्न सकिन्छ ।

पाठ १३ मा प्रसिद्ध मनोवैज्ञानिक यथार्थवादी कथाकार विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित **शत्रु** कथा रहेको छ । पाश्चात्य फ्रायडीय मनोविश्लेषणात्मक शैलीलाई नेपाली सहित्यमा भित्र्याएका सिद्धहस्त कथाकार कोइरालाले आफ्ना कथामा मानवीय मनोदशाको शल्यक्रिया गर्दछन् । प्रस्तुत कथाले मनोवैज्ञानिक क्षेत्रको प्रतिनिधित्व गरेर चारित्रिक पक्षलाई सवल बनाएको छ तर घटनाको क्षेत्र भने दुर्वल नै देखिन्छ । संसार इर्ष्याको पोको हो, आदर्शले सधै सबैतिरबाट सम्मान पाउनुपर्छ भन्ने केही छैन । सत्य जतिसुकै प्रशंसनीय र हितकारी कुरा भए पनि त्यसको तीतोपनले गर्दा सत्यको जित नहुन पनि सक्छ भन्ने उद्देश्य **शत्रु** कथाको रहेको छ । अजात शत्रु हुन पनि सक्तैन भन्ने अमर सन्देश कथाले कृष्णराय मार्फत दिन खोजेको छ । यसरी उद्देश्य र चारित्रिक पक्ष सशक्त रहे पनि घटनाको पक्ष कमजोर प्रतीत हुन्छ । अखवारी शैलीको प्रयोगले कथालाई बढी सूचनात्मक बनाएको अनुभव हुन्छ । विषयवस्तु र घटनाको संयोजन, पात्रहरूको समूचित चयन राम्रो भए पनि मानक भाषाको प्रयोगले कथालाई केही जटील बनाएको छ । भाषिक सीपका दृष्टिले भने **शत्रु** कथा कमजोर नै देखिन्छ ।

पाठ-१५ मा स्वच्छन्दतावादको निकट रहेका मनोवैज्ञानिक कथाकार भवानी भिक्षुद्वारा लिखित **हारजित** कथा रहेको छ । यौनलाई उच्च गरिमायुक्त मानवीय मूल्यको  रूपमा प्रस्तुत गर्ने एवम् प्रेमानुरागको व्यापक दायराभित्र हार्दिक रूपले समर्पित पात्रहरूको प्रयोग गर्ने कथाकार भिक्षुको **हारजित** कथाले मनोवैज्ञानिक क्षेत्रको प्रतिनिधित्व गरेको छ । सामाजिक प्रतिष्ठा आर्जन गर्न मान्छेले कति सम्म त्याग गर्न सक्छ ? भन्ने कुरा देखाउनुका साथै वर्गीय द्वन्द्वयुक्त समाजको चारित्रिक विशेषता देखाउनु यस कथाको उद्देश्य हो । परिवेशका दृष्टिले आञ्चलिक कथा मन्न सकिने 'हारजित' कथा पुरूषप्रधानताले नराम्ररी थलिएको छ । आफ्नो प्रतिष्ठाका लागि मनोहरले सोनवालाई घरमा राख्नु र घुरहुले मैतालु छोरीलाई

मनोहरको घरमा मजुरी गर्न पठाउनु नारी दमनकै उदाहरण हो । तत्सम र तद्भव शब्दको अत्यधिक प्रयोगले भाषिक स्तर दुर्वोध अनुभव हुन्छ । वर्गीय द्वन्द्वयुक्त समाजको चारित्रिक विशेषतालाई प्रस्तुत गर्न खोज्दा कथा अलि पृथक खालको अनुभव हुन्छ । उद्देश्य र परिवेश सशक्त नै रहेपनि प्रस्तुत कथा भाषिक सीप विकासका दृष्टिले दुर्वल रहेको अनुभव हुन्छ । मूल तः प्रतिष्ठाको लडाई र उच्च मानवीय अहमको युद्ध स्थलका रुपमा कथा उभिएको हुँदा कक्षा एघारमा पढ्ने उमेर समूहका विद्यार्थीहरूको सुझबुझ र भाषिक सामर्थ्यभन्दा स्तरीय अनुभव हुन्छ ।

पाठ्यपुस्तकमा समाविष्ट पाठ्यविषयहरू छनोट र स्तरणका दृष्टिले उपयुक्त हुनु नितान्त आवश्यक हुन्छ । भाषा पाठ्यपुस्तकमा विविध विधाहरू विभिन्न क्षेत्रबाट विषयवस्तु छनोट गर्नुपर्दछ । कक्षा एघारको अनिवार्य नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको छनोटमा यी कुरा ध्यान दिइएको छैन । पाठ्यविषयको स्तरण गर्दा, वाक्य, उखानटुक्का तथा पाठको लम्बाइलाई ध्यानमा राखेर समावेश गरिएका कथाहरू कतिपय अत्यधिक लामा र कतिपय धेरै छोटा देखिन्छन् ।

यसरी प्रस्तुत कथाहरूको छनोट र स्तरणका आधारमा केही कमी कमजोरीहरू देखिए पनि यिनलाई अन्य विषय पढाएको ढाँचामा नपढाइ भाषा पाठ्यक्रमका अनुसार भाषिक सीप विकासमा टेवा पुऱ्याउने ढङ्गले आधार सामग्री मात्र तुल्याउन सकेमा विधामा प्रस्तुत पाठहरूबाट शिक्षण सिकाइका क्रममा प्रशस्त लाभ लिन सकिने देखिन्छ ।

**५.२ सुझावहरू**

१. कथाहरू सरल, सङ्क्षिप्त, रोचक र शिक्षाप्रद हुनुका साथै पाठ्यक्रम र विषय विस्तृतिकरण अनुसार हुनुपर्दछ ।

२. कथावस्तुहरूलाई सहजता प्रदान गर्न र रोचक ढङ्गले प्रस्तुत गर्नका लागि आवश्यकता अनुसार हरेक कथामा आकर्षक चित्रहरू समावेश गरिनु पर्दछ ।

३. कथाको छनोट गर्दा सबै क्षेत्रलाई समेट्नु उचित हुन्छ । पाठ्यपुस्तकमा राजनैतिक र समसामयिक घटनाक्रममा आधारित केही कथाहरू थप्नुपर्ने देखिन्छ ।

४. कथामा संरचना पक्षको महत्वपूर्ण भूमिका हुने हुँदा संरचना भित्र आदि, मध्य र अन्त्यको ख्याल गर्नु पर्दछ । कथा शिक्षण लिखित, मौखिक, अभिव्यक्ति, घटनाक्रमको सिलसिला मिलेको हुनेपर्ने देखिन्छ ।

५. कथामा प्रशस्त उखानको प्रयोग हुनुपर्दछ । जसबाट पाठकमा रोचकता थपिन्छ । उखानको प्रयोगले भाषालाई जीवन्त बनाउँछ । विद्यार्थीको स्तरलाई ख्याल गरेर कथामा उखानको प्रयोग गर्नु उपयुक्त हुन्छ । यहाँ प्रयोग गरिएका यस्ता सामग्री अपर्याप्त छन् । सबै कथामा यसको प्रयागे गर्नुपर्ने देखिन्छ ।

६. कथामा प्रयोग भएका शब्द, वाक्य, अनुच्छेद विद्यार्थीको स्तर अनुकूल हुनुपर्छ ।

७. पाठ्यवस्तुको छनोट र स्तरण गर्न विद्यार्थीको क्षमता, स्तर रुचि देशको आवश्यकता र मातृभाषाको प्रभाव आदिलाई ख्याल गर्नुपर्दछ ।

८. पाठ्यक्रममा निर्धारित गरेको अङ्क र समयलाई मूल आधार बनाई विषयवस्तुलाई समावेश गरिनु पर्दछ जसले गर्दा विषयवस्तुको गहिराई अनुसार शिक्षण कार्य गर्न सजिलो हुन्छ ।

९. कथाहरू छनोट गर्ने क्रममा नेपाली प्रतिनिधि सबै कथाकारहरूका कथाहरू समावेश गरिनु पर्दछ ।

१०. कथा शिक्षण गर्नका निम्ति शिक्षकका लागि अझ बढी निर्देशन दिनु आवश्यक छ ।

११. पाठ्यपुस्तकमा प्रयोग भएको कागज उच्च स्तरको हुनुपर्दछ । अक्षर सफा, स्पष्ट र आकर्षक हुनुपर्दछ । कथाको शीर्षकले विषयवस्तुलाई प्रतिनिधित्व गर्ने र सार्थक पनि हुनुपर्दछ ।

१२. पाठ्यक्रम परिवर्तन गर्ने निहुमा पाठ्यपुस्तकमा राजनीतिकरण किमार्थ हुनु हुँदैन ।

१३. राजनैतिक परिवर्तन, समय सन्दर्भअनुसार साथै विद्यार्थीको रूचि, इच्छा र चाहनालाई सम्बोधन गर्ने गरी कथा विधामा समसामयिक परिवर्तन गर्नुपर्ने देखिन्छ ।

१४. सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषाका चारै सीपको विकास हुनेखालका कथाहरूको छनोट गर्नुपर्ने देखिन्छ ।

१५. चक्रीय स्तरण अनुरूपका कथाहरू समावेश गर्नुपर्ने देखिन्छ ।

१६. तल्ला तहमा भएका कथाहरूलाई पुनः माथिल्ला कक्षाहरूमा पनि समावेश गरिनु हुँदैन ।

१७. उच्चतम आदर्शले भरिएका कथा भन्दा यथार्थताको धरातलमा उभिएका कथाहरु समावेश गरिनु पर्दछ ।

१८. मनोवैज्ञानिकतालाई प्रस्तुत गर्ने निहुमा अत्यधिक नारी दमन भएका 'हारजित' कथा जस्ता कथाहरू समावेश गरिनु हुँदैन ।

१९. सामाजिक, ऐतिहासिक, पौराणिक, लोककथा, आदि क्षेत्रको समावेश हुनेगरी कथाहरूको छनोट गर्नुपर्ने देखिन्छ ।

२०. कथाहरू नितान्त विद्यार्थीको भाषिक स्तर र सुझबुझ अनुकूल हुनुपर्दछ ।

# सन्दर्भग्रन्थ सूची


अधिकारी गोविन्दराज (२०५५), कक्षा **६ को हाम्रो नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथाका पाठहरूको विश्लेषणात्मक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोध पत्र त्रिभुवन विश्वविद्यालय ।

अधिकारी हेमाङ्गराज, (२०५३), **भाषाशिक्षणः केही परिप्रेक्ष्य तथा पद्धति** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अर्याल वेदप्रसाद, (२०५४) कक्षा **पाँचको मेरो नेपाली किताबमा प्रयुक्त कथाहरुको विश्लेषणात्मक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोध पत्र त्रिभुवन विश्वविद्यालय ।

चापागाई महेन्द्रकुमार, (२०६२), **कक्षा चारको मेरो नेपाली किताबमा समाविष्ट कथाका पाठहरूको विश्लेषणात्मक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोध पत्र त्रिभुवन विश्वविद्यालय ।

ज्ञवाली रामप्रसाद र गणेशप्रसाद भट्टराई, (२०६४), **अनिवार्य नेपाली,** काठमाडौं, भुडीपुराण प्रकाशन ।

ढकाल शान्तिप्रसाद, (२०६४) **नेपाली भाषा शिक्षणः परिचय र प्रयोग**, काठमाडौ, शुभकामना प्रकाशन ।

ढुङ्गाना तुलसीप्रसाद, (२०६५), **प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम** काठमाडौं, सुजाता प्रकाशन ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल, (२०५९) **नेपाली कथा र उपन्यास,** काठमाडौं, एम्.के.पब्लिसर्स एण्ड डिष्ट्रीब्युटर्स ।

पराजुली ठाकुर र अन्य (२०६७) **सबैको नेपाली** ललितपुर साझा प्रकाशन ।

पोखरेल बालकृष्ण, (२०४०) **नेपाली बृहत् शब्दकोश**, काठमाडौं ने.रा.प्र.प्र. ।

फुँयाल सरस्वती **"आधुनिक नेपाली कथा गुरुप्रसाद मैनालीको योगदान र प्रमुख प्रवृत्तिहरु" सम्प्रेषण**, (वर्ष १, अङ्क १, २०६०/६१ पृ. १३९-१४१),

भट्टराई ईलोमा, (२०६१), **नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको विश्लेषणात्मक अध्ययन** अप्रकाशित स्नातकोत्तर शोध पत्र त्रिभुवन विश्वविद्यालय ।

**माध्यमिक शिक्षा पाठ्यक्रम**, (२०६४) सानोठिमी पाठ्यक्रम विकास केन्द्र ।

रेग्मी केदारप्रसाद '**भाषिक शोध प्रस्तावको ढाँचा एक चिनारी' सम्प्रेषण**, (वर्ष २, अङ्क २, २०६१/६२ पृ. ३६-४०),

रेग्मी तोयानाथ, (२०५८), **माध्यमिक तहको वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा राखिएका कथाका पाठहरूको विश्लेषणात्मक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोध पत्र त्रिभुवन विश्वविद्यालय ।

लम्साल, रामचन्द्र, (२०६६), **नेपाली भाषाशिक्षण**, काठमाडौं, भुँडीपुराण प्रकाशन ।

लामिछाने, यादवप्रकाश, (२०६२) **नेपाली भाषाशिक्षण परिचय (चौ.सं),** काठमाडौं विद्यार्थी पुस्तक भण्डार ।

लुइटेल, प्रकाश र अन्य (२०६७), **अनिवार्य नेपाली,** काठमाडौं शिक्षा-परीक्षा सामग्री केन्द्र ।

शर्मा कृष्णप्रसाद, (२०६७), कक्षा **नौ र दशको पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, तानसेन बहुमुखी क्याम्पस ।

शर्मा केदार र माधव पौडेल, (२०६०), **भाषा शिक्षण,** काठमाडौं न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

# व्यक्तिवृत्त



| | | |
|---|---|---|
| नाम | : | लोकहरि पाण्डेय |
| जन्ममिति | : | २०३७/०१/०४ |
| स्थायी ठेगाना | : | बिर्घा-१, स्याङ्जा |
| पिताको नाम | : | दुर्गाप्रसाद पाण्डेय |
| माताको नाम | : | हुमाकान्ती पाण्डेय |
| नागरिकता | : | नेपाली |
| भाषा | : | नेपाली |
| संलग्नता | : | शिक्षक (श्री भवानी उ.मा.वि., बिर्घा-८, वैघा, स्याङ्जा) |
| सम्पर्क नं. | : | ९८४७१७१६३२, ९७४१०५८८०६ |
| शैक्षिक योग्यता | : | एस.एल्.सी.-द्वितीय श्रेणी |
| | | आइ.एड्.-द्वितीय श्रेणी |
| | | वी.एड्.-द्वितीय श्रेणी |
| | | एम.एड्.-अध्ययनरत |